# नेपाल ज्येष्ठ प्राध्यापक समाज
# एक परिचय

वसन्त कुमार गौतम



# नेपाल ज्येष्ठ प्राध्यापक समाज
# एक परिचय

वसन्त कुमार गौतम

लेखक - वसन्त कुमार गौतम

सर्वाधिकार - लेखकमा

संस्करण - २०७३ आषाढ

प्रकाशक - नेपाल ज्येष्ठ प्राध्यापक समाज

प्रेस - देवचुली अफसेट, काठमाडौं

मुल्य - रु. १००/-

# कृतज्ञता ज्ञापन

नेपालमा उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने प्राध्यापकहरु एक निश्चित अवधिसम्म अध्यापन गरेपछि निवृतिभरण प्राप्त गर्ने गरेको, निवृतिभरण प्राप्त गरी सकेपछि पनि शिक्षा क्षेत्रमा उहाँहरुको योगदान व्यक्तिगत रूपमा निरन्तर रही रहेको, निवृतिभरण प्राप्त गर्ने प्राध्यापकहरुको संख्या हजारौं भएको र उहाँहरु संगठित भएर राष्ट्र निर्माणमा सहभागी हुन बान्छनीय भएकोले नेपाल ज्येष्ठ प्राध्यापक समाज नामक संस्था स्थापित भएको हो । यस संस्थाको उद्देश्य, गठन, कार्यक्रम र क्रियाकलापबारे जिज्ञासु महानुभावहरुलाई जानकारी प्राप्त गर्न सहज होस् भन्ने उद्देश्यले यो पुस्तक तयार पारिएको छ । पाठकहरुबाट प्राप्त सुझाव र प्रतिक्रियाको सधैं स्वागत गरिनेछ ।

यो पुस्तक तयार पार्न प्रेरित गर्नु हुने, सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्नु हुने र पुस्तक तयार पार्ने क्रममा महत्वपूर्ण सुझाव दिनु हुने सबैप्रति आभार व्यक्त गर्न चाहन्छु । खास गरी नेपाल ज्येष्ठ प्राध्यापक समाज, केन्द्रीय कार्यसमितिका उपाध्यक्ष लगायत पदाधिकारी एवं सदस्य प्राध्यापकहरुले यो पुस्तक लेखनका लागि प्रशंसनीय सहयोग पुऱ्याउनु भएकोमा कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै गोविन्द गजुरेल, प्रा.डा. चिन्तामणि पोखरेल, प्रा.डा. देवेन्द्रराज मिश्र, नवीन प्रकाश जङ्ग शाह, प्रा.डा. पराशर कोइराला, वसन्तलाल श्रेष्ठ र विमल कुमार शर्माबाट प्राप्त स्मरणीय सुझाव र सहयोगका लागि विशेष धन्यबाद दिन चाहन्छु । पुस्तक लेखनका लागि घरमा सहज र अनुकूल वातावरण सृजना गर्ने श्रीमती मन्जु गौतमको भूमिकाको पनि उच्च मूल्यांकन गर्दछु ।

यसै गरी पाण्डुलिपिलाई टङ्कन गरि दिने श्रीराम बोहरा र पुस्तक छपाई गर्ने देवचुली अफसेट प्रेसका प्रबन्धक बुद्धि न्यौपानेलाई पनि धन्यबाद ज्ञापन गर्दछु ।

वसन्त कुमार गौतम
कार्यविनायक नगरपालिका-२
ललितपुर
२०७३ आषाढ

# विषयसूची

१. नेपालमा शिक्षाको विकास १

२. नेपाल ज्येष्ठ प्राध्यापक समाजको गठन र क्रियाकलाप १४

३. नेपाल ज्येष्ठ प्राध्यापक समाजको विधान २८

४. प्रतिवेदनहरु ४२

५. त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत अनुरोधपत्रहरु ४८

६. प्राध्यापकहरुको नामावली ५३

७. समवेदना ५६

# नेपालमा शिक्षाको विकास

## प्राचीन काल

विभिन्न प्राचीन ग्रन्थहरु अथर्वपरिशिष्ट एवम् महाभारतमा नेपालको उल्लेख भएकोले नेपाल एक प्राचीन देश हो भन्नेमा दुई मत छैन । 'मूलसर्वास्तिवाद-विनय संग्रह' नामक प्राचीन ग्रन्थमा उल्लेख भए अनुसार महात्मा गौतम बुद्धको जीवन कालमा भारतीय व्यापारीहरु नेपाल आउने-जाने गरेको, गौतम बुद्धका प्रधान शिष्य 'भदन्त आनन्द' नेपाल आएको तथा नेपालमा ऊन र जडी-बुटीको व्यापार हुने गरेको थियो । कौटिल्यको अर्थशास्त्रमा पनि नेपालबाट उत्तरी भारतमा ऊनी कम्बल र लुगाहरु निर्यात हुने गरेको उल्लेख छ । साथै भारतीय गुप्त सम्राट समुद्रगुप्तको स्तम्भ लेखमा पनि नेपालको उल्लेख रहेको छ ।

आजभन्दा लगभग २७००-३००० वर्ष पहिला वर्तमान नेपालको पश्चिमी पहाडी भूभागमा खस वर्गका आर्यहरु र पूर्वी पहाडी भूभागमा किराँत वर्गका विभिन्न शाखा एवम् उपशाखाहरुका आवादीहरु छरिएर रहेका थिए । तराईको मध्य भागमा वैदिक कालदेखि नै मिथिला र पश्चिमी भागमा शाक्य गणराज्यको राजधानी कपिलवस्तु रहेको उल्लेख पाईन्छ । प्रसिद्ध मौर्य सम्राट अशोक (वि.सं. पूर्व २१५-१७५) तीर्थ यात्रा र बौद्धधर्मको प्रचार-प्रसार गर्ने क्रममा पाटलिपुत्र (पटना) बाट गौतम बुद्धको जन्मभूमि लुम्बिनी र कपिलवस्तु आएको उल्लेख छ । अशोकका धर्मदूत 'आचार्य मज्झिम' तथा यिनका सहयोगीहरु यसै समय नेपाल आएका थिए । यसै समयदेखि यहाँ बौद्ध धर्मको प्रचार-प्रसार प्रारम्भ भएको मानिन्छ ।

प्राचीन नेपालमा शिक्षाका दुई परम्परागत् धारहरु देखिन्छन् (क) वैदिक धर्मबाट प्रेरित संस्कृत शिक्षा र (ख) बौद्ध धर्मबाट प्रेरित बौद्ध शिक्षा । संस्कृत शिक्षाका लागि देवकुल, पितृकुल, राजकुल, ऋषिकुल र गुरुकुल प्रणाली प्रचलनमा रहेका थिए । यी मध्ये गुरुकुल प्रणाली प्रमुख र विद्यालयीय व्यवस्थापनको प्रारम्भिक रूपमा रहेको पाइन्छ । यी गुरुकुलहरु राजा, समाजका धनी वर्गबाट प्राप्त दान-दातव्य र नागरिकहरुको सहयोगबाट सञ्चालित हुने गरेका थिए । शिक्षालाई सेवाभावले हेरिने हुँदा निःशुल्क शिक्षाको परम्परा थियो । बौद्ध शिक्षाका लागि अनेकौ विहार तथा गुम्बाहरु केन्द्रका रूपमा रहेका थिए । यी बौद्ध विहारहरुको प्रभाव तिव्वत, चीनदेखि मंगोलियासम्म पुगेको थियो । यी बौद्ध विहारहरु पनि राजा र जनसमुदायको सहयोगमा संचालित भएको पाइन्छ ।

## मध्यकाल

किराँत काल पछि लिच्छवीकालमा शिलालेखदेखि सार्वजनिक जानकारी समेत संस्कृतमा लेखिन्थ्यो । सो समयमा केही धार्मिक र साहित्यिक रचनाहरु पनि तयार भए । राजाहरु पनि कृतिको रचना गर्दथे । अंशुवर्मा महासामन्त हुँदा शैव, वैष्णव र बौद्ध समुदायका वेग्लावेग्लै विद्यालयहरु थिए ।



किराँत तथा लिच्छवी कालमा विकसित हुँदै आएको शिक्षा प्रणाली परिष्कृत हुने क्रमले मल्ल कालमा पनि निरन्तरता पायो । त्यति खेर संस्कृतका साथै मैथिलीमा पनि कृतिहरुको रचना भयो । यसै समयमा भारतमा मुगल-शासन काल रहेकोले उर्दू र फारसीको प्रभाव पनि क्रमिक रूपमा विस्तार हुँदै गयो । मल्लकालमा सत्रौं शताव्दीमा मिशनरी (केपुचिन पादरी) हरुले मिशनरी शिक्षाको प्रचार गर्ने असफल प्रयास गरे । कालान्तरमा अंग्रेजीको प्रभाव विस्तारै प्रारम्भ भयो । मध्यकालमा तान्त्रिक विद्याको पनि प्रचार प्रसार भयो । लिच्छवि र मल्लकालमा वास्तुकला, मूर्तिकला, स्थापत्यकला आदि परम्परागत शिक्षाको पनि विस्तार हुँदै गयो ।

मल्लकालको अन्ततिर विदेशी मिशनरीहरुले पुनः धर्मप्रचार र मिशनरी शिक्षाको प्रचार प्रारम्भ गरे तर पृथ्वीनारायण शाहको उदय पछि उनीहरुको योजना पुनः असफल भयो ।

## अंग्रेजी शिक्षा

नेपाल-अंग्रेज युद्ध (ई.सन् १८१४-१८१६) पछि भीमसेन थापाले अंग्रेजी भाषाको ज्ञान आवश्यक ठानी केही व्यक्तिलाई प्रति महिना रु. ५०/- दिई भारतमा अंग्रेजी शिक्षाका लागि पठाएका थिए । नेपालबाट भारतमा अंग्रेजी भाषाको शिक्षा प्राप्त गर्न गएको यो प्रथम सरकारी संगठित प्रयास हो । सुगौली सन्धि पछि नेपालमा रहेको ब्रिटिश रेसिडेन्सिमा काम गर्ने क्रममा लालसिंह खत्रीले रेसिडेन्ट बी.एच. हडसनबाट अंग्रेजी भाषा सिकेका थिए । जङ्ग बहादुर वेलायत भ्रमणमा जाँदा लाल सिंह खत्री पनि साथै गएका थिए । यसरी जङ्ग बहादुरको उदय पूर्व पहाडी क्षेत्रमा पण्डितहरुबाट परम्परागत संस्कृत शिक्षा, हिमाली क्षेत्रमा लामाहरुबाट बौद्धधर्म सम्बन्धी शिक्षा र तराई क्षेत्रमा भारतीय गुरुजीहरु र मौलवीबाट पाठशाला वा घर वा मदरसामा शिक्षा लिने दिने काम हुन्थ्यो ।

जङ्ग बहादुर बेलायत भम्रणबाट फर्केपछि अंग्रेजीको आधारशिला न भइ विकास नहुने ठहर गरी राणापरिवारका सदस्यहरुलाई अंग्रेजीको ज्ञान दिलाउने उद्देश्यले आफ्ना भाइ र छोराहरुलाई वेलायत मै पढाउने प्रयास गरे तर त्यो संभव भएन । जङ्गबहादुर आफूले पनि एल.ओलीफैन्टबाट अंग्रेजी भाषा सिक्न थाले तर सकेनन् ।

## दरवार स्कूल

जङ्ग बहादुरले राणापरिवारका सदस्यहरुलाई अंग्रेजीको ज्ञान दिलाउने उद्देश्यले वि.सं. १९१० आश्विन २७ गते (ई.सं. १८५३ अक्टूवर १३) का दिन थापाथली दरवारको एउटा कोठामा अंग्रेजी स्कूलको शुरुवात गरे । दरवारभित्र रहेकोले यस स्कूलको नाम दरवार स्कूल रह्यो । सो स्कूलमा एक जना शिक्षक मि. क्यानिङले पढाउथे । वि.सं. १९४८ मा यो स्कूल थापाथलीबाट रानीपोखरीको पश्चिमतर्फ बनेको नयाँ भवनमा स्थानान्तरित भयो । यसरी स्थानान्तरित दरवार स्कूलमा मात्र सर्वसाधारण जनताले

पनि अंग्रेजी पढ्ने मौका पाए । सो स्कूल हाल भानुभक्त माध्यमिक विद्यालयको नाममा संचालित भई रहेको छ ।

वि.सं. १९३४ तिर रणोद्वीप सिंहले परम्परागत संस्कृत शिक्षालाई नयाँ ढाँचामा ढाल्ने प्रयास गरे । धीर शमशेरको सल्लाह अनुसार यीनले संस्कृत पाठशाला र संस्कृत छात्रावासको स्थापना गरे । यो पाठशाला तीनधारा पाठशालाको नामबाट चिनिन्छ । वीर शमशेरको पालामा संस्कृत पाठशालामा १०८ जना विद्यार्थीका लागि पढ्न, बस्न र भोजन गर्न सक्ने व्यवस्था मिलाइयो । संस्कृतमा उच्च शिक्षा प्राप्त गर्न भारततर्फ पठाउने व्यवस्थाको शुरुवात पनि वीर शमशेरको पालामा भयो । वीर शमशेरले घण्टाघरको निर्माण गरी त्यस भवनको तलामा पुस्तकालय स्थापना गरे ।

## त्रिभुवन-चन्द्र कलेज

नेपालमा आधुनिक उच्च शिक्षा वि.सं. १९७५(ई.सं. १९१८) बाट प्रारम्भ भएको देखिन्छ । चन्द्र शमशेरले १९१६ दिसम्बर ३१ मा ब्रिटिश रेसिडेन्ट कर्णेल बेलीलाई पत्र लेखी आई.ए. (I.A) स्तरको कक्षा काठमाडौंमा संचालन गर्न कलकत्ता विश्वविद्यालयलाई अनुरोध गरी दिन आग्रह गरे । त्यस समय दरवार स्कूलका विद्यार्थीहरुको म्याट्रिक (SLC) परीक्षा कलकत्ता विश्वविद्यालयद्वारा संचालित हुन्थ्यो । बेलीले ब्रिटिश सरकारसित सम्पर्क राखी १९१७ अप्रिल ४ मा सो पत्रको जवाफ पठाउदै प्रस्तावित कलेज इलाहावाद विश्वविद्यालय अन्तर्गत खोलिएको खण्डमा राम्रो हुने सल्लाह दिए । १९१७ अक्टूवर ३ मा बडाकाजी मरीचीमान सिंहले पटनाका एडभोकेट अम्बिका प्रसाद उपाध्याय[1]लाई पत्र लेखी दरवार स्कूल र प्रस्तावित कलेज पटना विश्वविद्यालय अन्तर्गत् संचालन हुने समझौता गराउन अनुरोध गरे । १९१७ नोभेम्वर ९ मा अम्विका प्रसाद उपाध्यायले प्रस्तावित कलेजलाई इलाहावाद विश्वविद्यालयसित सम्बन्धन राख्न र सो संभव नभए नेपालमा छुट्टै विश्वविद्यालय खोलिनु पर्ने सल्लाह दिए । १९१७ नोभेम्वर ११ मा मरीचिमान सिंहले प्रस्तावित कलेज पटना विश्वविद्यालय अन्तर्गत राख्न पटना विश्वविद्यालयलाई अनुरोध गरे । नेपालले दरवार स्कूल र प्रस्तावित कलेजलाई पटना विश्वविद्यालय अन्तर्गत राख्न खोजेको जानकारी कर्णेल बेलीले भारत सरकारलाई दिए र सो को जानकारी नेपाललाई गराए । १९१८ अगस्त १ मा कर्णेल बेलीले नेपालको प्रस्ताव भारत सरकारले स्वीकार गरेको जानकारी चन्द्र शमशेरलाई दिए । स्वीकृतिको जानकारी प्राप्त भएपछि नेपालले प्रस्तावित कलेजको स्थापना र अध्यापन कार्यतर्फ ध्यान दियो । कलेजको नाम त्रिभुवन-चन्द्र कलेज राखियो । कलेजमा अध्यापन कार्य दरवार स्कूलको भवनमा प्रारम्भगरी आजबाट अध्यापन प्रारम्भ भयो भनी १९१८ अगस्त २९

[1] अम्विका प्रसाद उपाध्याय एम.ए., बी.एल. (M.A. B.L.) पटना हाई कोर्टका एडभोकेट, ब्रिटिशकालीन भारतको बिहार-उडीसा लेजिस्लेटिभ काउन्सिलका सदस्य, पटना विश्वविद्यालय बोर्ड अफ स्टडीजका (नेपाली भाषीका तर्फबाट मनोनीत) सदस्य



मा पत्र लेखी कर्णेल बेली र पटना विश्वविद्यालयलाई जानकारी दिइयो । सोही पत्रको आधारमा त्रिभुवन चन्द्र कलेजको स्थापना वि.सं. १९७५ भाद्र १२ (ई.सं. १९१८ अगस्त २९) मा भएको बुझिन्छ ।

प्रारम्भमा दरबार स्कूलका प्रधानाध्यापक बटुकृष्ण मैत्रलाई कलेजको प्रिन्सिपल बनाइयो । प्रोफेसर र डेमोन्सट्रेटर गरी ९ जनाले काम शुरु गरे । १९७५ सालमा आई.ए. (I.A) तहमा नेपाली, संस्कृत, अंग्रेजी, गणित, इतिहास र तर्क शास्त्रको अध्यापन प्रारम्भ भयो । १९७६ सालमा आई.एस्सी. (I.Sc.), १९८१ सालमा बी.ए. (B.A) र २००४ सालमा बी.एस्सी. (B.Sc.) को पठन पाठन शुरु भयो । २००६ सालमा बी.एस्सी (B.Sc.) मा जीव विज्ञान र प्राणी शास्त्रको पढाई शुरु भयो र २०११ सालमा वाणिज्य संकायको पढाई शुरु भयो ।

वीर शमशेरले घण्टाघर र वीर पुस्तकालय निर्माण गरेकै स्थानमा चन्द्र शमशेरले त्रिभुवन चन्द्र कलेजको भवन निर्माण कार्य शुरु गरे । लगभग १४ महिनामा भवन निर्माण सम्पन्न भएपछि १९७६ आश्विन २७ गते (१९१९ अक्टूवर १३) का दिन त्रिभुवनले नवनिर्मित भवनको उद्घाटन गरे । उद्घाटन कार्यक्रममा प्रिन्सिपल बटुकृष्ण मैत्रले नेपालमा शिक्षाको विकास सम्बन्धी जानकारी दिए । चन्द्र शमशेरलाई खोकी लागेकोले उनको भाषण मरीचिमान सिंहले पढेका थिए । भनिन्छ-कलेजको विधिवत् उद्घाटनपछि चन्द्र शमशेरले 'आज मैले आफ्नो खुट्टामा आफैले बन्चरो हानें' भनेका थिए । १९८१ सालबाट त्रिभुवनचन्द्र कलेजको नाम त्रिचन्द्र कलेज रहन गयो । १९९१ सालमा नेपालमा एस.एल.सी. वोर्ड (S.L.C. Board) (प्रवेशिका परीक्षा) को स्थापना भयो । यसभन्दा पूर्व एस.एल.सी. परीक्षा कलकत्ता विश्वविद्यालयबाट संचालित हुन्थ्यो ।

## त्रिचन्द्र कलेजका प्रिन्सिपल, प्राध्यापक र विद्यार्थीहरु

प्रारम्भमा दरवार स्कूलका प्रिन्सिपल बटुकृष्ण मैत्रलाई नै त्रिभुवनचन्द्र कलेजको प्रिन्सिपल बनाइयो । राष्ट्रिय शिक्षा पद्धतिको योजना (रा.शि.प.यो.)- २०२८ लागू भएपछि प्रिन्सिपल पद हटाइयो । त्रिचन्द्र कलेजमा प्रिन्सिपल भएकाहरुको नामावली यस प्रकार छ ।

| | | | |
|---|---|---|---|
| १. | बटुकृष्ण मैत्र | - | एम.ए. |
| २. | सरदार नरेन्द्रमणि आ.दी | - | एम.ए (अंग्रेजी) |
| ३. | सरदार रुद्रराज पाण्डे | - | एम.ए (इतिहास) |
| ४. | सुधिर कुमार राय चौधरी | - | एम.ए. (दर्शन + अंग्रेजी) |
| ५. | आशुतोष सेन | - | एम.एस्सी. (भौतिक शास्त्र) |
| ६. | आशुतोष गांगुली | - | एम.ए. (गणित) |
| ७. | फणिन्द्र प्रसाद लोहनी | - | एम.एस्सी (भौतिक शास्त्र) |
| ८. | प्रसन्न मान सिंह | - | एम.एस्सी. (रसायन शास्त्र) |

| | | |
|---|---|---|
| ९. | गोदत्तमान श्रेष्ठ | - एम.ए. (दर्शन शास्त्र + संस्कृत + अंग्रेजी) |
| १०. | डा. शंकर प्रसाद प्रधान | - एम एस्सी, पी. एच.डी (भौतिक शास्त्र) |

प्रारम्भमा दरवार स्कूलका शिक्षकहरुलाई नै दुबै तर्फ कार्य गर्ने गरी त्रिभुवन-चन्द्र कलेजमा पनि खटाइयो । यसरी खटाइनेमा शारदा प्रसाद मुखोपाध्याय, अभयपाद चट्टोपाध्याय र रानीपोखरी संस्कृत पाठशालाका हेड पण्डित सोमनाथ सिग्देल हुनुहुन्थ्यो । त्रिचन्द्र कलेजमा अध्यापन गर्ने केही प्रोफेसरहरुको नामावली यस प्रकार छ ।

| | | | |
|---|---|---|---|
| १. | बोध विक्रम अधिकारी | २. | रामप्रसाद मानन्धर |
| ३. | क्षितिजचन्द्र चक्रवर्ती | ४. | एन.सी पाउल |
| ५. | रत्न बहादुर विष्ट | ६. | शारदा प्रसाद मुखर्जी |
| ७. | नेपाल चन्द्र बनर्जी | ८. | एस. के. दास |
| ९. | गोकुल चन्द्र मलहोत्रा | १०. | धर्मपाल लाम्वा |
| ११. | देवी प्रसाद रिमाल | १२. | रमणचन्द्र वासा |
| १३. | लक्ष्मीप्रसाद देवकोटा | १४. | बालकृष्ण सम |
| १५. | पुष्कर शमशेर | १६. | ऋषिकेश शाह |

२००७ सालमा प्रजातन्त्रको स्थापना भए पश्चात् २००८ सालमा त्रिचन्द्र कलेजमा कार्यरत् प्राध्यापकहरुको नामावली यस प्रकार छ ।

| | | | |
|---|---|---|---|
| १. | सरदार रुद्रराज पाण्डे | २. | रामप्रसाद मानन्धर |
| ३. | भैरव बहादुर प्रधान | ४. | हरिनाथ खनाल |
| ५. | फणिन्द्र प्रसाद लोहनी | ६. | प्रसन्नमान सिंह |
| ७. | गोदत्तमान श्रेष्ठ | ८. | शाम्वदेव पाण्डे |
| ९. | नारायण बहादुर मानन्धर | १०. | कृष्णराज मानन्धर |
| ११. | केशवदेव भट्टराई | १२. | रामराज पन्त |
| १३. | नरेशमान सिंह | १४. | बोध विक्रम अधिकारी |
| १५. | आशुतोष सेन | १६. | सुधिर कुमार राय चौधरी |
| १७. | गोकुलचन्द्र मलहोत्रा | १८. | आशुतोष गांगुली |
| १९. | कुलनाथ लोहनी | २०. | जगत बहादुर बुढाथोकी |
| २१. | यदुनाथ खनाल | २२. | ब्राह्मीदत्त पाण्डे |
| २३. | अनिल कुमार दास गुप्ता | २४. | शिवशंकर सिंह |
| २५. | विजयशंकर शुक्ला | २६. | तारा प्रसाद जोशी |
| २७. | सुरेन्द्र सिंह | २८. | सूर्य बहादुर शाक्य |
| २९. | दिव्यदेव भट्ट | ३०. | उपेन्द्र नारायण सिन्हा |
| ३१. | हितनारायण झा | ३२. | यादव प्रसाद पंत |
| ३३. | रेणुलाल सिंह | | |



साथै डेमोन्सट्रेटर पदमा कार्यरत्हरुको नामावली यस प्रकार छ ।

| | | | |
|---|---|---|---|
| १. | केशवलाल राजभंडारी | २. | करुणाकर वैद्य |
| ३. | ऐश्वर्य प्रसाद | ४. | नानी गोपाल सेन |
| ५. | विपिन विहारी जौहरी | ६. | बटुकृष्ण तिवारी |

१९७५ सालमा प्रथम समूहमा भर्ना भएर अध्ययन गरेका विद्यार्थीहरु यस प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| १. | कर्नेल नरशमशेर ज.व.रा. | २. | ले.क. एकराज शमशेर ज.व.रा |
| ३. | चौतरिया खड्ग विक्रम शाह | ४. | बुद्धि गम्भीर सिंह |
| ५. | दिल बहादुर खत्री | ६. | भैरव बहादुर प्रधान |
| ७. | भैरव बहादुर राजभण्डारी | ८. | सिद्धि बहादुर मल्ल |

२००७ सालमा प्रजातन्त्र स्थापना हुनुभन्दा पहिला त्रिचन्द्र कलेजमा अध्ययनका लागि भर्ना भएका केही प्रमुख व्यक्तिहरुको नाम र भर्ना साल यस प्रकार छ

| | | | | | |
|---|---|---|---|---|---|
| १. | पुष्कर शमशेर ज.व.रा | - १९७८ | २. | महेन्द्र विक्रम शाह | - १९७९ |
| ३. | हरिनाथ खनाल | - १९७९ | ४. | बालकृष्ण शमशेर ज.व.रा. | - १९७९ |
| ५. | मृगेन्द्र शमशेर ज.व.रा | - १९७९ | ६. | नगेन्द्रमान सिंह | - १९७९ |
| ७. | सुवर्ण शमशेर ज.व.रा. | -१९८२ | ८. | लक्ष्मी प्रसाद देवकोटा | - १९८३ |
| ९. | शंकरदेव पन्त | - १९८४ | १०. | ठाकुर दशरथ चन्द्र | -१९८५ |
| ११. | प्रसन्नमान सिंह | - १९८५ | १२. | साम्वदेव पाण्डे | -१९८८ |
| १३. | डिल्लीरमण रेग्मी | - १९८८ | १४. | सूर्यप्रसाद उपाध्याय | -१९८८ |
| १५. | यदुनाथ खनाल | - १९९२ | १६. | गोपाल प्रसाद रिमाल | - १९९३ |
| १७. | तुलसीलाल अमात्य | - १९९३ | १८. | गंगालाल श्रेष्ठ | - १९९५ |
| १९. | लक्ष्मीनन्दन शर्मा चालिसे | -१९९५ | २०. | दीर्घराज कोइराला | - १९९५ |
| २१. | वेदानन्द झा | - १९९५ | २२. | गोपीमाधव देवकोटा | - १९९५ |
| २३. | हिमालय शमशेर ज.व.रा | - १९९५ | २४. | गिरिजा प्रसाद कोइराला | - १९९६ |
| २५. | त्रैलोक्य नाथ उप्रेती | - १९९६ | २६. | विजय बहादुर मल्ल | - १९९७ |
| २७. | गोविन्द बहादुर मल्ल | - १९९७ | २८. | भरत शमशेर ज.व.रा. | - १९९८ |
| २९. | लीलानटेश्वर (इश्वर) बराल | -२००१ | ३०. | महेशचन्द्र रेग्मी | - २००१ |
| ३१. | भुवनलाल जोशी | - २००१ | ३२. | कीर्तिनिधि विष्ट | -२००१ |
| ३३. | गोपाल पाण्डे असीम | - २००१ | ३४. | होराप्रसाद जोशी | - २००१ |
| ३५. | थिरवम मल्ल | - २००२ | ३६. | कमलमणि आ.दी. | - २००२ |
| ३७. | शंकर प्रसाद प्रधान | -२००२ | ३८. | ध्रुवमान सिंह अमात्य | |
| ३९. | गोविन्द देव पन्त | | ४०. | भवानी शंकर राजवंशी | |
| ४१. | अमृत प्रसाद प्रधान | | ४२. | भीम बहादुर पाण्डे | |

ई.सन् १९१८ मा त्रिचन्द्र कलेजको स्थापना भएता पनि प्रथम समूहका आई.ए. र आई.एस्सी. का विद्यार्थीले सन् १९२२ मा पहिलो पटक जाँच दिए । यसै गरी सन् १९२४ मा बी.ए. को पठन-पाठन शुरु भए पछि विद्यार्थीले सन् १९२६ मा जाँच दिए । सन् १९२२ देखि १९३१ सम्मको प्रथम दस वर्षमा त्रिचन्द्र कलेजका विद्यार्थीहरुको परीक्षाफल यस प्रकार रहेको छ ।

**आई.ए. तर्फ**

| | | | | | |
|---|---|---|---|---|---|
| सन् १९२२ | शामेल-६ | उत्तीर्ण-१ | सन् १९२३ | शामेल-१ | उत्तीर्ण-० |
| सन् १९२४ | शामेल-१० | उत्तीर्ण-५ | सन् १९२५ | शामेल-११ | उत्तीर्ण-७ |
| सन् १९२६ | शामेल-६ | उत्तीर्ण-५ | सन् १९२७ | शामेल-४ | उत्तीर्ण-३ |
| सन् १९२८ | शामेल-६ | उत्तीर्ण-३ | सन् १९२९ | शामेल-६ | उत्तीर्ण-५ |
| सन् १९३० | शामेल-४ | उत्तीर्ण-३ | सन् १९३१ | शामेल-६ | उत्तीर्ण-४ |

**आई.एस्सी. तर्फ**

| | | | | | |
|---|---|---|---|---|---|
| सन् १९२२ | शामेल-३ | उत्तीर्ण-१ | सन् १९२३ | शामेल-४ | उत्तीर्ण-४ |
| सन् १९२४ | शामेल-३ | उत्तीर्ण-१ | सन् १९२५ | शामेल-४ | उत्तीर्ण-२ |
| सन् १९२६ | शामेल-६ | उत्तीर्ण-२ | सन् १९२७ | शामेल-४ | उत्तीर्ण-० |
| सन् १९२८ | शामेल-५ | उत्तीर्ण-१ | सन् १९२९ | शामेल-४ | उत्तीर्ण-२ |
| सन् १९३० | शामेल-४ | उत्तीर्ण-३ | सन् १९३१ | शामेल-३ | उत्तीर्ण-३ |

**बी.ए. तर्फ**

| | | | | | |
|---|---|---|---|---|---|
| सन् १९२६ | शामेल-३ | उत्तीर्ण-३ | सन् १९२७ | शामेल-६ | उत्तीर्ण-० |
| सन् १९२८ | शामेल-१२ | उत्तीर्ण-५ | सन् १९२९ | शामेल-९ | उत्तीर्ण-५ |
| सन् १९३० | शामेल-२ | उत्तीर्ण-१ | सन् १९३१ | शामेल-५ | उत्तीर्ण-२ |

## विश्वविद्यालयको परिकल्पना

त्रिचन्द्र कलेजको सम्बन्धन पटना विश्वविद्यालयसित रहेकोले शैक्षिक प्रशासनिक कार्यहरु पटनाबाट निर्देशित हुन्थे । त्यसवखत नेपालको अर्थतन्त्र, राजनीति, समाज, संस्कृति र नेपाली जनजीवन पाठ्यक्रममा समाविष्ट थिएनन् । यस्तो स्थितिमा २००५ सालमा नेपालमा राष्ट्रिय विश्वविद्यालयका लागि औपचारिक काम शुरु गर्न एउटा २५ सदस्यीय विश्वविद्यालय योजना सभा गठन भयो । सो सभाको सभापतिमा डाइरेक्टर जेनरल अफ पब्लिक इन्सट्रक्शन (DGPI) मृगेन्द्र शमशेर ज.व.रा., उपसभापतिमा विजय शमशेर ज.व.रा, वैधानिक समितिको प्रमुखमा सुवर्ण शमशेर ज.व.रा. र सदस्यहरु नायव बडागुरुज्यू हेमराज पंडित, बालकृष्ण शमशेर ज.व.रा., रुद्रराज पाण्डे, नरेन्द्रमणि आ.दी., भीम बहादुर पाण्डे, ऋषिकेश शाह, सुधिर कुमार राय चौधरी, क्षितिज चन्द्र चक्रवर्ती, आशुतोष सेन, आशुतोष गांगुली लगायत हुनुहुन्थ्यो । यसको पहिलो वैठक २००५ साल भाद्र १४ गते सरस्वती सदनमा बस्यो ।

राणाकालमा राष्ट्रिय विश्वविद्यालयको परिकल्पना गरिनु र तत्सम्बन्धी कार्यहरुले मूर्त रूप लिदै अगाडि बढ्नु एक महत्वपूर्ण कदम थियो । तथापि विश्वविद्यालय स्थापना गर्ने कार्य सजिलो नभएको र प्रजातन्त्र स्थापनाका लागि देशमा आन्दोलनको तयारी अन्तिम उत्कर्ष तिर बढि रहेकोले २००७ साल सम्म देशमा विश्वविद्यालय स्थापना हुन सकेन ।



## त्रिभुवन विश्वविद्यालयको स्थापना

मुलुकमा प्रजातन्त्रको स्थापना पश्चात् २००९ सालमा शिक्षाको योजनावद्ध विकास गर्ने उद्देश्यले एक २० सदस्यीय समितिको गठन भयो । सो समितिको सिफारिशमा २०१० सालमा 'नेपाल राष्ट्रिय शिक्षा आयोग' गठन भयो । उक्त आयोगले २०११ सालमा आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो । त्यसपछि राष्ट्रिय विश्वविद्यालय गठन गर्ने उद्देश्यले २०१२ सालमा 'विश्वविद्यालय आयोग' गठन भयो । उक्त आयोगको सिफारिश अनुसार २०१६ ज्येष्ठ १३ गतेदेखि त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ लागू भयो । उक्त ऐन अनुसार २०१६ आषाढ ३० (आषढ शुक्ल नवमी) का दिन राजा त्रिभुवनको ५३ औं जन्मजयन्तीका अवसरमा त्रिभुवन विश्वविद्यालयको स्थापनाका साथै पठन-पाठनको काम पनि प्रारम्भ भयो । सोही साल देखि नेपाली, संस्कृत, अंग्रेजी, हिन्दी, भूगोल, इतिहास र संस्कृति, अर्थशास्त्र, राजनीतिशास्त्र, गणित र वाणिज्य विषयमा स्नातकोत्तर (M.A./M.Com.) तहको पठन-पाठन प्रारम्भ भयो ।

२०१८ सालमा शिक्षा तर्फको स्नातकोत्तर (M.Ed.), २०२२ सालमा विज्ञान तर्फ भौतिक शास्त्र, रसायन शास्त्र, प्राणीशास्त्र र जीव विज्ञान विषयको स्नातकोतर (M.Sc.) तहको र संस्कृत तर्फ विभिन्न विषयमा आचार्य तहको कक्षाहरु आरम्भ गरिए ।

२०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापन भएपछि यस विश्वविद्यालयका कुलपति र अन्य पदाधिकारीहरु यस प्रकार रहेका थिए-

१. कुलपति - श्री ५ जेठा वडा महारानी कान्ति राज्यलक्ष्मी देवी शाह
२. सह-कुलपति - श्री ५ कान्छा वडामहारानी ईश्वरी राज्यलक्ष्मी देवी शाह
३. उप-कुलपति - श्री सुवर्ण शमशेर ज.व.रा.
४. रजिष्ट्रार - डा. पराशर नारायण सुवाल

## वहुविश्वविद्यालयको अवधारणा र स्थापना

देशमा वहुविश्वविद्यालयको अवधारणाको विकास छैठौं पञ्चवर्षीय योजना काल (२०३७-२०४२) देखि नै हुँदै आएको छ । २०३९ सालमा गठित 'शाही उच्च शिक्षा आयोग' ले गरेको सिफारिशमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत् संचालित क्याम्पसहरुमध्ये संस्कृत वाहेकका क्याम्पसहरु त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसकै रूपमा रहने उल्लेख छ । उक्त आयोगको प्रतिवेदन-२०४० ले दिएको वहुविश्वविद्यालयको अवधारणा अनुरूप २०४३ सालमा त्रिभुवन विश्वविद्यालयको संस्कृत संकायलाई लिएर तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय) स्थापना भयो । यसका साथै नेपाल द्विविश्वविद्यालयको चरणमा प्रवेश गऱ्यो । २०४६ सालको राजनैतिक परिवर्तन पछि अन्तरिम सरकारको कार्यकालमा गठित र २०४८ सालमा निर्वाचित सरकारद्वारा पुनर्गठित शिक्षा आयोगले प्रस्तुत गरेको प्रतिवेदनले देशमा अन्य विश्वविद्यालयहरुको स्थापना गर्ने र विश्वविद्यालय अनुदान आयोग गठन गर्ने सिफारिश गरेको थियो । यसपछि नेपालले

वहुविश्वविद्यालयको चरणमा प्रवेश गरेको छ । अहिले नेपालमा ९ विश्वविद्यालय स्थापित भएका छन् र २०५० सालमा विश्वविद्यालय अनुदान आयोग गठन भई कार्यरत् छ । यसका साथै विश्वविद्यालयको प्रारुप ग्रहण गरी सकेका ४ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु स्थापित भएर स्नातक र सो भन्दा माथिल्लो तहको पठन-पाठन गरि रहेका छन् । विश्वविद्यालय र प्रतिष्ठानहरु सम्बन्धि ऐन र सो को प्रकाशन मिति देहाय अनुसार छन् ।

१. क) त्रिभुवन विश्वविद्यालय ऐन - २०१६
   ख) त्रिभुवन विश्वविद्यालय ऐन - २०४९
   लालमोहर र प्रकाशन मिति - २०४९-९-२२
२. महेन्द्र संस्कृत विश्वविद्यालय ऐन - २०४३
   लालमोहर र प्रकाशन मिति - २०४३-८-२५
३. काठमाडौं विश्वविद्यालय ऐन - २०४८
   लालमोहर र प्रकाशन मिति - २०४८-८-४
   (२०५१-४-१ देखि प्रारम्भ हुने गरी तोकिएको)
४. पूर्वाञ्चल विश्वविद्यालय ऐन - २०५०
   लालमोहर र प्रकाशन मिति - २०५०-९-१९
   (२०५१-४-१ देखि प्रारम्भ हुने गरी तोकिएको)
५. पोखरा विश्वविद्यालय ऐन - २०५३
   लालमोहर र प्रकाशन मिति - २०५३-११-१५
   (२०५४-४-१ देखि प्रारम्भ हुने गरी तोकिएको)
६ लुम्विनी बौद्ध विश्वविद्यालय ऐन - २०६३
   प्रमाणीकरण र प्रकाशन मिति - २०६३-७-२०
   (२०६३ वैशाख २३ गते देखि प्रारम्भ भएको मानिनेछ)
७. सुदूर पश्चिमाञ्चल विश्वविद्यालय ऐन- २०६७
   प्रमाणीकरण र प्रकाशन मिति - २०६७-३-३
८. मध्य पश्चिमाञ्चल विश्वविद्यालय ऐन- २०६७
   प्रमाणीकरण र प्रकाशन मिति - २०६७-३-३
९. कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन - २०६७
   प्रमाणीकरण र प्रकाशन मिति - २०६७-३-३
१०. विश्वविद्यालय अनुदान आयोग ऐन-२०५०
   लालमोहर र प्रकाशन मिति - २०५०-८-७
   (२०५१-२-२ देखि प्रारम्भ हुने गरी तोकिएको)
११. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९
   लालमोहर र प्रकाशन मिति - २०४९-१०-५
   वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) ऐन-२०५५
   लालमोहर र प्रकाशन मिति - २०५५-७-११



१२. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३
   प्रमाणीकरण र प्रकाशन मिति - २०६३-८-१७
   (यो ऐन २०६३ साल वैशाख २३ गते देखि प्रारम्भ भएको मानिनेछ ।
१३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४
   प्रमाणीकरण र प्रकाशन मिति - २०६४-१०-२३
१४. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८
   प्रमाणीकरण र प्रकाशन मिति - २०६८-७-३

## प्राध्यापक संघ

राणा शासन कालमा व्यक्तिहरु एकै ठाउँमा संगठित हुनु, संगठित भएर संघ -संस्था र पेशागत संगठन खोल्नु अत्यन्त कठिन थियो । किनकि यस्ता संगठनहरु मार्फत् राजनीतिक गतिविधिहरु संचालित हुन्छन भन्ने जहानियाँ शासनका शासक वर्गको ठहर थियो । त्रिचन्द्र कलेजमा नेपाली र भारतीय दुवै थरी प्राध्यापकहरुको प्रवेशका लागि प्रमुख शर्त राजनीतिमा नलाग्न हुने थियो ।

तथापि १९९७ सालको प्रारम्भमा आश्चर्यजनक रूपले नेपलमा प्राध्यपकहरुले संगठन खोल्न पाउने संभावना बढ्यो । फ्रांसेली भाषाका प्राध्यापक रमण चन्द्र वासा प्रस्तावक र अंग्रेजीका प्राध्यापक सुघिर कुमार राय चौधरी समर्थक रहेको त्रिचन्द्र कलेज प्राध्यापक संघ (Tri-Chandra College Professors' Association) खोल्ने प्रस्ताव उनीहरुले अगाडि सारे । १९४० जुन ९ (१९९७ जेष्ठ २७) का दिन प्रिन्सिपल रुद्रराज पाण्डेले सो प्रस्ताव शिक्षा विभागका डाइरेक्टर मृगेन्द्र शमशेर समक्ष आवश्यक आदेशका लागि प्रस्तुत गरे । (Forwarded to the Honorable D.G.P.I. for necessary orders. R.R. Pandey 9/6/40) त्यस प्रस्तावमा मृगेन्द्र शमशेरले यस्तो टिप्पणी लेखे । Any proposal for a more harmonious and litrerary atmosphere in the college will always be welcome to me unless we can secure this among the professors, it is not possible to expect the students to be more active in their literary life. This may therefore be started. A meeting or extensive lecture should be held at once and the rules etc. may be formed later in the light of the first day's experience. तर यो प्रस्तावले मूर्त रूप लिन सकेन । सो को कारण वारे थप जानकारी छैन । रमणचन्द्र वासा काठमाडौं छाडेर आफ्नो पैतृक घर अहमदावाद फर्के ।

## नेपाल प्राध्यापक संघ

२०१३ सालमा त्रैलोक्यनाथ उप्रेती र उहाँका सहयोगीहरुले महाविद्यालय स्तरमा प्राध्यापन गर्ने प्राध्यापकहरुको प्रतिनिधिमूलक संस्था स्थापित गर्ने प्रयासले पनि मूर्तरुप लिन सकेन । २०१९ आषाढ १६ मा काठमाडौंमा बसेको प्राध्यापकहरुको

साधारण सभाले अन्तरिम विधान पारित गरी एक वर्षका लागि नेपाल प्राध्यापक संघको देहाय अनुसारको कार्य कारिणी समिति गठन गऱ्यो ।

| | | |
|---|---|---|
| १. | ऋषिकेश शाह | - सभापति |
| २. | सूर्य बहादुर शाक्य | - उपसभापति |
| ३. | वासुदेवचन्द्र मल्ल | - सचिव |
| ४. | दिव्यदेव भट्ट | - सहसचिव |
| ५. | गोपालमान श्रेष्ठ | - कोषाध्यक्ष |
| ६. | ईश्वरीलाल श्रेष्ठ | - सदस्य |
| ७. | विजय प्रसन्न प्रधान | - सदस्य |
| ८. | शंकरराज पाठक | - सदस्य |
| ९. | श्रीमती उमा पाण्डे | - सदस्य |
| १०. | श्रीमती अंगूरबाबा जोशी | - सदस्य |

यस समितिमा सभापतिद्वारा मनोनीत उपत्यका बाहिरका सदस्यहरु देहाय अनुसार थिए ।

| | | |
|---|---|---|
| ११. | जगतमोहन अधिकारी (वीरगञ्ज) | - सदस्य |
| १२. | गोपाल प्रसाद उपाध्याय (विराटनगर) | - सदस्य |
| १३. | कृष्णनारायण श्रेष्ठ (पाल्पा) | - सदस्य |
| १४. | दुर्गाबहादुर बर्मा (जनकपुर) | - सदस्य |
| १५. | केशरी कुमार मिश्र (नेपालगञ्ज) | - सदस्य |

यसरी गठित कार्यसमितिको प्रथम वैठक २०१९ श्रावण २८ मा सरस्वती सदनमा बस्यो । विभिन्न आरोह-अवरोहका बिच २०२८ पुष सम्म अस्तित्वमा रहेता पनि तत्पश्चात् निस्कृय रहेको नेपाल प्राध्यापक संघको पुनर्गठन २०३७ सालमा भयो । २०३६ सालको जनमत संग्रहको घोषणाले ल्याएको अनुकूल वातावरणका कारण प्राध्यापकहरुमा नेपाल प्राध्यापक संघलाई पुनर्गठन गर्ने उत्साह जागृत भयो । २०३६ चैत ११ गते प्राध्यापकहरुको भेला बोलाइयो । उक्त भेलाले ६ महिनाभित्र निर्वाचन सम्पन्न गर्न चन्द्र प्रसाद गोर्खालीको संयोजकत्वमा १५ सदस्यीय तदर्थ समिति गठन गऱ्यो । २०३७ भाद्र ३०-३१ र आश्विन १ मा आयोजित प्राध्यापकहरुको राष्ट्रिय सम्मेलनबाट 'एक व्यक्ति एक मत' का आधारमा नेपाल प्राध्यापक संघको निर्वाचन गर्ने निर्णय गरियो । सो सम्मेलनद्वारा सुरेशराज चालिसेको संयोजकत्वमा गठित निर्वाचन समितिले २०३७ मंसिर २९ मा 'नेपाल प्राध्यापक संघ'को राष्ट्रव्यापी निर्वाचन सम्पन्न गरी २०३७ पौष १६ मा प्रकाशित गरेको नेपाल प्राध्यापक संघको केन्द्रीय कार्य समिति यस प्रकार रहेको थियो ।

| | | |
|---|---|---|
| १. | बासुदेव चन्द्र मल्ल | - सभापति |
| २. | विद्यामान शाक्य | - उपसभापति |
| ३. | बालमुकुन्द खरेल | - सचिव |
| ४. | रामस्वार्थ राय | - सहसचिव |
| ५. | श्रीमती शीलमञ्जु जोशी | - कोषाध्यक्ष |
| ६. | निवासवीर सिंह कंसाकार | - सदस्य |
| ७. | आनन्दराज मुल्मी | - सदस्य |
| ८. | केदार न्यौपाने | - सदस्य |
| ९. | जीवराज पोखरेल | - सदस्य |
| १०. | विदुर पौडेल | - सदस्य |
| ११. | डा. सोहन कुमार खतिवडा | - सदस्य |
| १२. | कुमार वहादुर कार्की | - क्षेत्रीय प्रतिनिधि - पूर्वाञ्चल |
| १३. | राधाकृष्ण खेरवार | - क्षेत्रीय प्रतिनिधि - पूर्वाञ्चल |
| १४. | कृष्णराम खत्री | - क्षेत्रीय प्रतिनिधि - मध्यमाञ्चल |
| १५. | डा. शिशिर कुमार स्थापित | - क्षेत्रीय प्रतिनिधि - मध्यमाञ्चल |
| १६. | नारायण दत्त नेपाल | - क्षेत्रीय प्रतिनिधि - पश्चिमाञ्चल |
| १७. | सोम बहादुर बोगटी | - क्षेत्रीय प्रतिनिधि - पश्चिमाञ्चल |
| १८. | वेदनिधि शर्मा | - क्षेत्रीय प्रतिनिधि - सुदूर पश्चिमाञ्चल |
| १९. | भैरव वहादुर विष्ट | - क्षेत्रीय प्रतिनिधि - सुदूर पश्चिमाञ्चल |



हाल केन्द्रमा नेपाल प्राध्यापक संघ, विश्वविद्यालयहरुमा विश्वविद्यालय प्राध्यापक संघ, क्याम्पसहरुमा एकाई समिति गठन हुनुका साथै राजनैतिक विचारघाराका आधारमा पनि विभिन्न प्राध्यापक संघहरु स्थापित भएका छन् ।

## प्राध्यापक र निवृत्तिभरण

राणा शासनकालमा मुलुकमा प्रशासनको एकीकृत नियम कानूनको व्यवस्था थिएन । प्राध्यापकहरुको नियुक्तिमा एकरूपता थिएन । तापनि तलव, विदा, निवृतिभरण र अन्य सुविधा वारे नियुक्ति पूर्व नै जानकारी दिइन्थ्यो (१९४९ मार्च २५ मा शिवशंकर सिंहलाई प्राणी शास्त्रमा लेक्चरर नियुक्त गर्नु पूर्व नै Post permament and pensionable. Pension after 20 years and one sixth of the salary भनेर जानकारी दिइएको थियो ।) यसरी एक निश्चित अवधि काम गरी सकेपछि निवृतिभरण पाइने भएकोले निवृतिभरण प्राप्त गर्ने प्राध्यापकहरुको संख्यामा निरन्तर वृद्धि हुँदै गएको छ । यो सङ्ख्या अहिले लगभग तिन हजार पुगीसकेको छ । यो संख्या प्राज्ञिक संस्था स्थापित गर्न उपयुक्त रहेको, निवृतिभरण प्राप्त प्राध्यापकहरुको अनुभव, ज्ञान र सीपको संगठित सदुपयोग हुनु राष्ट्र र शैक्षिक जगतका लागि उपयुक्त हुने भएको र निवृतिभरण प्राप्त गर्ने ज्येष्ठ प्राध्यापकहरुको हक-हित समेतको संरक्षण गर्न वान्छनीय भएकोले हाल नेपाल ज्येष्ठ प्राध्यापक समाज नामक संस्था स्थापित भई कार्यरत् रहेको छ ।

## सन्दर्भ-सूची


१. अधिकारी, शान्तिकृष्ण (२०६१) **नेपाल प्राध्यापक संघको संक्षिप्त इतिहास र प्रा. बासुदेवचन्द्र मल्ल**, जर्नल प्रकाशन समिति, नेपाल प्राध्यापक संघ ।

२. आचार्य, बाबुराम (२०६३), **नेपालको संक्षिप्त वृतान्त**, प्रा. श्रीकृष्ण आचार्य, काठमाडौं ।

३. उपाध्याय, पुरुषोत्तम (२०५९), **त्रिभुवन विश्वविद्यालयः विगतदेखि वर्तमान सम्म**, श्रीमती बिना उपाध्याय, काठमाडौं ।

४. उपाध्याय, श्रीराम प्रसाद (२०५५) **नेपालको समीक्षात्मक इतिहास**, साझा प्रकाशन, काठमाडौं ।

५. गौतम, राजेश (२०६७) **त्रिचन्द्र कलेजको इतिहास**, ज्योत्सना - २०६७, स्वतन्त्र विद्यार्थी युनियन, त्रिचन्द्र वहुमुखी क्याम्पस, काठमाडौ ।

६. ढकाल, शिव (२०६१) **अभिलेखका पानाहरु**, श्रमिती निता घिमिरे, श्रीमती मन ढकाल ।

७. शर्मा, विमल कुमार **शैक्षिक विकासमा त्रिचन्द्र कलेजको योगदान**

८. शर्मा, विमल कुमार, आचार्य यज्ञनाथ (२०५०) **त्रिचन्द्र कलेजको ऐतिहासिक योगदान** - त्रिचन्द्र कलेजको स्थापनाको ७५ औं वर्षका उपलक्ष्यमा २०५०-०५-०७ मा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र

९. नेपाल ऐन संग्रह, खण्ड - १४ (२०७०)




# नेपाल ज्येष्ठ प्राध्यापक समाजको गठन र क्रियाकलाप

## भूमिका

वि.सं. २०६६ को प्रारम्भमा ज्येष्ठ प्राध्यापकहरु एक आपसमा भेट हुँदा र छलफल गर्दा ज्येष्ठ प्राध्यापकहरु संगठित हुनु पर्ने धारणा व्यक्त भएको देखिन्छ । त्यसै क्रममा २०६६ भाद्र ४ गतेका दिन वसन्त कुमार गौतमको निवास बतीस पुतली, काठमाडौमा छलफलमा सहभागी हुनु भएका प्राध्यापकहरुको नाम यस प्रकार रहेको छ ।

| | | | |
|---|---|---|---|
| १. | डा. ऋषिकेशव राज रेग्मी | २. | जनार्दन मंडल |
| ३. | डा. पराशर कोइराला | ४. | प्रेम प्रसाद थपलिया |
| ५. | राजेन्द्र प्रसाद चौधरी | ६. | डा. रामेश्वर प्रसाद सिंह |
| ७. | वसन्त कुमार गौतम | ८. | डा. वीरेन्द्र प्रसाद मिश्र |
| ९. | वीरेन्द्र शर्मा | | |

यस अनौपचारिक छलफलमा ज्येष्ठ प्राध्यापकहरुको जिम्मेवारी, हक-हित र समस्याहरु बारे गंभीर छलफल भयो । छलफलबाट सर्वसम्मत रूपमा देहाय बमोजिमको निष्कर्षमा पुगियो ।

> *"सेवाबाट अवकाश पाएपछि निवृति भरण प्राप्त गर्न परिचय पत्र बनाउन धेरै समय लाग्ने, संचय कोषको रकम फिर्ता पाउन पनि विभिन्न कठिनाई हुने र निवृतिभरणको रकम समयमा उपलब्ध नहुने गरेको व्यावहारिक कठिनाईको सामना गर्दै निवृति भरण प्राप्त गर्ने प्राध्यापकहरुले व्यक्तिगत रूपमा राष्ट्र, समाज र शैक्षिक जगतमा योगदान पुऱ्याई रहनु भएको छ । तथापि संगठित रूपमा योगदान पुऱ्याउन र आफ्नो हक-हितको संरक्षण र संवर्द्धनका लागि प्रयत्नशील रहन पनि बान्छनीय भएकोले अझ बढी संख्यामा प्राध्यापकहरुको भेला गराई आजको निष्कर्ष प्रस्तुत गर्ने र सो भेलाले निर्णय गरे अनुसार गर्ने निष्कर्षमा हामी पुगेका छौं ।"*

## प्रथम भेला

यसै क्रममा उपरोक्त निष्कर्षबारे छलफल गर्न विश्वविद्यालय, विश्वविद्यालय अन्तर्गतका आंगिक/सम्बन्धन प्राप्त महाविद्यालय/क्याम्पस/अनुसन्धान केन्द्रमा लामो अवधि सम्म प्राध्यापन/अनुसन्धान गरी सकेका प्राध्यापकहरु २०६६ आश्विन १ गते विहिवारका दिन भेला हुनु भयो । सो भेलाको उपास्थिति यस प्रकार रह्यो ।

| | | | |
|---|---|---|---|
| १. | भगवानरत्न तुलाधर | २. | सन्तोष राज पौडेल |
| ३. | राजेन्द्र प्रसाद चौधरी | ४. | सुदर्शन रिसाल |
| ५. | वसन्तलाल श्रेष्ठ | ६. | ऋषिकेशव राज रेग्मी |
| ७. | सुरेश बहादुर कार्की | ८. | निरञ्जन शर्मा |
| ९. | देवेन्द्रराज मिश्र | १०. | पराशर कोइराला |

| | | | |
|---|---|---|---|
| ११. | जयश्री अमात्य | १२. | सत्यनारायण श्रेष्ठ |
| १३. | विद्यामान शाक्य | १४. | प्रेम प्रसाद थपलिया |
| १५. | सुवोध नारायण झा | १६. | रामवृक्ष साहु |
| १७. | हरिदत्त लेखक | १८. | भाइराजा रंजीत |
| १९. | कृष्णचन्द्र श्रेष्ठ | २०. | वसन्त कुमार गौतम |

यस भेलाको उद्येश्यबारे प्रकाश पार्दै वसन्त कुमार गौतमले भन्नुभयो -

"आदरणीय प्राध्यापक मित्रहरु !

२०६२-०६३ को परिवर्तनकारी जन आन्दोलन पछि मुलुकले विभिन्न आरोह -अवरोह पार गर्दै आजको यस अवस्थासम्म आई पुग्दा मुलुकको सामु थप चुनौतीहरु देखा परेका छन् । अहिले नेपालको प्राथमिकतामा रहेको सेना समायोजन र पुनर्स्थापना, राज्यको पुनर्संरचना, सविधान-निर्माण र शान्ति-प्रक्रिया जोखिममा पर्ने संभावना रहेको यदाकदा चर्चा-परिचर्चा हुन थालेको छ । सेना  समायोजन र पुनर्स्थापना, राज्यको पुनर्संरचना र संविधान निर्माणका विषयहरुमा सहमति न भएर विश्वका कतिपय मुलुकहरु पुनः हिंसात्मक द्वन्दमा फर्किएको कठोर तथ्य आत्मसात न गर्ने हो भने नेपाल पनि त्यस्तो दुर्भाग्यको भुंवरीमा पर्ने संभावना रही रहनेछ । आजको यस जटिल तथा गतिरोधात्मक परिवेशमा बौद्धिक समुदायको भूमिका पर्यवेक्षणकारी र अवलोकनकारी हुनु पर्ने हो वा सल्लाहकारी हुनु पर्ने हो वा हस्तक्षेपकारी हुनु पर्ने हो भन्ने विषयमा लामो वहस हुन सक्ला, तर प्राज्ञिक-वौद्धिक समुदायमा हाल सृजना भएको अनपेक्षित मौनताको स्थिति भंग गदै अहिलेको विचलित परिस्थितिमा प्राज्ञिक-वौद्धिक समुदायले सकारात्मक परिवर्तनको पक्षमा बोल्दा आम जनमानसमा आशा र विश्वास स्थापित हुने कुरामा दुई मत हुन सक्दैन ।

यसै सन्दर्भमा हीजो त्रिभुवन विश्वविद्यालयको ३४ औं दीक्षान्त समारोहमा सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपतिले आफ्नो सम्बोधन मन्तव्यमा व्यक्त गर्नु भएको चिन्ता-*'अहिले विश्वविद्यालयमा उपकुलपति छाती फुकाएर हिड्न सक्दैनन्, प्राध्यापक गौरवसाथ कक्षा कोठामा प्रवेश गर्न सक्दैनन् र कालो मोसोबाट अभिनन्दित हुनु परेको छ । शैक्षिक संस्थामा भई रहेको तीव्र राजनीतिकरण, अराजकता र अपराधीकरणले मलाई अत्यन्त चिन्तित तुल्याएको छ ।'*- प्रति पनि आदरणीय प्राध्यापकहरुको ध्यानाकर्षण भएको हुनु पर्दछ ।

आदरणीय प्राध्यापक मित्रहरु !

सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, भौगोलिक, ऐतिहासिक, संवैधानिक, पर्यावरणीय समेतका र यस्तै राष्ट्रिय महत्वका विभिन्न विषयहरु बारे सम्वन्धित क्षेत्रमा विशेष योगदान पुर्‍याएका ख्याति प्राप्त र विशिष्ट ज्ञान हासिल गरेका व्यक्तिहरुबाट चिन्तन मनन, अध्ययन अनुसन्धान र विश्लेषण भएर निकालिएको निष्कर्ष, राय तथा विचारलाई जनसमुदाय समक्ष जानकारी गराउन र सम्बन्धित



निकाय वा व्यक्तिबाट कार्यान्वयन गर्न गराउन ज्येष्ठ प्राध्यापकहरुको भूमिका प्रभावकारी हुने अनुभूति गरी विगत एक-दुई महिनामा कतिपय प्राध्यापकहरुसित व्यक्तिगत र सामुहिक रूपमा पनि भएको विचार विमर्श अनुरुप आज हामी यहाँ भेला भएर यीनै विषयहरु उपर छलफल गर्ने क्रममा छौं ।

सर्वप्रथम यहाँहरुको ध्यान मुख्य रूपमा ३ बुँदाहरु तर्फ आकर्षित गर्न चाहन्छु -

१. लामो अवधि सम्म काम गरेर स्वेच्छाले अवकाश लिनु भएका वा विश्वविद्यालयको नियममा व्यवस्था भए अनुसार उमेर हदको कारण अवकाश प्राप्त गर्नु भएका ज्येष्ठ प्राध्यापकहरुको ज्ञान, सीप, क्षमता, दक्षता र अनुभवलाई राष्ट्रिय सम्मान र गौरव अभिवृद्धि गर्न गराउन तथा राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुर्‍याउन उपयोग गर्ने ।
२. ज्येष्ठ प्राध्यापकहरुको स्वतन्त्रता, सम्मान, सहभागिता र हेर विचारमा ध्यान दिने ।
३. ज्येष्ठ प्राध्यापकहरुको हक-हितको संरक्षण गर्ने ।

हुन त व्यक्तिगत रूपमा कतिपय ज्येष्ठ प्राध्यापकहरुले निरन्तर रूपमा समाज र राष्ट्रमा आफ्नो योगदान पुर्‍याएर प्रशंसनीय कार्य गर्दै हुनुहुन्छ । तथापि सामूहिक र संगठित रूपमा पनि यस तर्फ सकारात्मक पाइलाहरु चाल्न आवश्यक छ-छैन, यसबारे  यहाँहरुको राय-विचार प्रस्तुत भए एउटा निष्कर्षमा पुग्न सकिने निवेदन गर्न चाहन्छु ।"

तत्पश्चात् देहाय अनुसारका प्राध्यापकहरुले आ-आफ्नो धारणा राख्नु भयो ।

| | | | |
|---|---|---|---|
| १. | भगवान रत्न तुलाधर | २. | भाइराजा रंजीत |
| ३. | कृष्णचन्द्र श्रेष्ठ | ४. | हरिदत्त लेखक |
| ५. | प्रेम प्रसाद थपलिया | ६. | रामवृक्ष साहु |
| ७. | सुरेश बहादुर कार्की | ८. | सुदर्शन रिसाल |
| ९. | वसन्तलाल श्रेष्ठ | १०. | पराशर कोइराला |
| ११. | देवेन्द्रराज मिश्र | | |

सबैको धारणा, राय-विचार, सर-सल्लाह र छलफल पछि सो भेलाले ज्येष्ठ प्राध्यापकहरुको एउटा संगठन बनाउन आवश्यक रहेको महसूस गर्दै अझ वृहत भेलाको आयोजना गर्न गरेको निर्णय यस प्रकार छ ।

निर्णय- *आजको विषय उपर छलफल गरी सामूहिक र संगठित रूपमा अगाडि बढ्न निकट भविष्यमा एउटा बृहत भेलाको आयोजना गर्न निम्न बमोजिमको 'भेला आयोजक समिति गठन गरिन्छ ।*

***भेला आयोजक समिति***

*१. वसन्त कुमार गौतम - संयोजक*
*२. वसन्त लाल श्रेष्ठ - सदस्य*
*३. सत्यनारायण श्रेष्ठ - सदस्य*

*४. रामवृक्ष साहु - सदस्य*

*५. हरिदत्त लेखक - सदस्य*

*साथै यस भेला आयोजक समिति ले आगामी भेलाको आयोजना गर्नेछ र सो भेलामा आवश्यक विधानको रेखा चित्र प्रस्तुत गर्नेछ ।"*

## भेला आयोजक समितिको प्रथम वैठक

२०६६ आश्विन १ गते बसेको ज्येष्ठ प्राध्यापकहरुको भेलाले गठन गरेको भेला आयोजक समितिको वैठक २०६६ कार्तिक २० गते शुक्रबारका दिन बस्यो । सो वैठकबाट गरिएको निर्णयहरु यस प्रकार छ ।

"निर्णय -१. *(क) ज्येष्ठ प्राध्यापकहरुको भेला २०६६ कार्तिक २८ गते शनिवारका दिन दिउँसो १:०० बजे आयोजना गर्ने ।*

*(ख) सो भेला त्रिचन्द्र क्याम्पसमा गर्न उययुक्त हुने भएकोले त्रिचन्द्र क्याम्पसका क्याम्पस प्रमुखज्यूलाई स्थान उपलब्ध गराई दिन अनुरोध गर्ने ।*

*२. आगामी भेलामा संस्थाको विधान को रेखाचित्र प्रस्तुत गर्ने ।"*

## प्राध्यापकहरुको वैठक

भेला आयोजक समितिको आह्वानमा २०६६ कार्तिक २८ गते शानिवारका दिन ज्येष्ठ प्राध्यापकहरुको वैठक बस्यो । वैठकमा उपास्थिति देहाय बमोजिम रह्यो ।

| | | | |
|---|---|---|---|
| १. | वसन्त कुमार गौतम | २. | वसन्त लाल श्रेष्ठ |
| ३. | सत्यनारायण श्रेष्ठ | ४. | हरिदत्त लेखक |
| ५. | रामवृक्ष साहु | ६. | पुरुष रत्न बज्राचार्य |
| ७. | चैतन्य शर्मा | ८. | पराशर कोइराला |
| ९. | हरि प्रसाद पराजुली | १०. | जमल देवी मानन्धर श्रेष्ठ |
| ११. | जयश्री अमात्य | १२. | रेश बहादुर वस्नेत |
| १३. | सुरेश वहादुर कार्की | १४. | अन्जीरमान प्रधान |
| १५. | वीरेन्द्र प्रसाद मिश्र | १६. | रमेश शाक्य |
| १७. | नीलकण्ठलाल श्रेष्ठ | १८. | बद्रीनाथ श्रेष्ठ |
| १९. | निरञ्जन शर्मा | २०. | पुरुषोत्तम बासकोटा |
| २१. | वसन्त कुमार थापा | २२. | जयकृष्ण श्रेष्ठ |
| २३. | तुलसी प्रसाद पाठक | २४. | तिर्थानन्द वैद्य |
| २५. | चन्द्रलाल जोशी | २६. | प्रेम प्रसाद थपलिया |
| २७. | ध्रुवदेव राई | २८. | भाइराजा रंजीत |
| २९. | लवचन्द्र श्रेष्ठ | ३०. | हिरण्यलाल कर्माचार्य |
| ३१. | वावुराम ढकाल शास्त्री | ३२. | कृष्ण चन्द्र श्रेष्ठ |
| ३३. | त्रिरत्न मानन्धर | ३४ | गोविन्द मल्ल |
| ३५. | सुदर्शन रिसाल | ३६. | देवेन्द्रराज मिश्र |
| ३७. | ऋषिकेशवराज रेग्मी | ३८. | कृष्ण मानन्धर |
| ३९. | सुरेन्द्र कुमार गौतम | | |



वैठकमा भेला आयोजक समितिका संयोजक वसन्तकुमार गौतमले भेलाको उद्येश्यबारे प्रकाश पार्दै संस्थाको प्रस्तावित विधानको रेखाचित्र प्रस्तुत गर्नुभयो । तत्पश्चात संस्थाको नाम, तदर्थ समितिका संयोजक र सदस्यहरु, संस्थाको कार्यावधि, सदस्यता-शुल्क, विधानमस्यौदा समिति र संस्थाको कार्यहरुबारे आफ्नो धारणा राख्ने क्रममा देहाय अनुसारका प्राध्यापकहरुले राय व्यक्त गर्नुभयो ।

| | | | |
|---|---|---|---|
| १. | पुरुषरत्न बज्राचार्य | २. | प्रेमप्रसाद थपलिया |
| ३. | भाइराजा रंजीत | ४. | सुदर्शन रिसाल |
| ५. | हरि प्रसाद पराजुली | ६. | लवचन्द्र श्रेष्ठ |
| ७. | कृष्ण मानन्धर | ८. | निरञ्जन शर्मा |
| ९. | तुलसी पाठक | १०. | कृष्णचन्द्र श्रेष्ठ |
| ११. | अन्जीरमान प्रधान | १२. | चैतन्य शर्मा |
| १३. | त्रिरत्न मानन्धर | १४. | गोविन्द मल्ल |
| १५. | रमेश शाक्य | १६. | जमल देवी मानन्धर श्रेष्ठ |

यस वैठकले गरेको निर्णयहरु यस प्रकार छन् ।

निर्णय- *१. संस्थाको नाम 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' राख्ने*

*२. भेला आयोजक समितिलाई नै 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' को तदर्थ समितिको रूपमा काम गर्ने जिम्मेवारी दिने तथा आवश्यक सदस्यहरु थप गरी तदर्थ समितिलाई पूर्णता दिने काम तदर्थ समितिले गर्ने ।*

***समाजको तदर्थ समिति***

*१. वसन्त कुमार गौतम - अध्यक्ष*

*२. वसन्त लाल श्रेष्ठ - सदस्य*

*३. सत्यनारायण श्रेष्ठ - सदस्य*

*४. हरिदत्त लेखक - सदस्य*

*५. रामवृक्ष साहु - सदस्य*

*३. तदर्थ समितिलाई नै विधान मस्यौदा गर्ने जिम्मेवारी दिने ।*

*४. आगामी २०६६ चैत्र मसान्त भित्र 'समाज' को विधान तयार गरी साधारण सभा बोलाउन सम्पूर्ण व्यवस्था गर्न तदर्थ समितिलाई जिम्मेवारी दिने ।*

## समाजको तदर्थ समितिको वैठक

२०६६ पुष ३० विहिवारका दिन 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' तदर्थ समिति को वैठकमा गरिएका निर्णयहरु यस प्रकार छन् ।

"निर्णय १. *समाजको नाम 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' राख्ने र अंग्रेजीमा 'Senior Professors' Society, Nepal' राख्ने ।*

२. *अध्यक्ष वसन्त कुमार गौतमले प्रस्तुत गर्नु भएको विधान उपर दफावार छलफल गर्दा उठेका बुँदाहरु समावेश गरी विधानको मस्यौदा आगामी बैठकमा पुनः प्रस्तुत गर्ने ।"*

२०६६ फागुन २१ गते शुक्रवारका दिन 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' तदर्थ समिति को बैठमा गरिएका निर्णयहरु यस प्रकार छन् ।

निर्णय- १ *समाजको तदर्थ समितिको सदस्यहरुमा निम्न वमोजिमका सदस्यहरु थप्ने ।*

१. *श्रीमती जमल देवी मानन्धर - सदस्य*

२. *श्री जनार्दन मंडल - सदस्य*

२. *समाजको विधानको मस्यौदा तदर्थ समितिवाट पारित गर्ने ।"*

२०६६ फागुन २४ गते सोमवारका दिन 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' तदर्थ समिति को बैठकमा गरिएका निर्णयहरु यस प्रकार छन् ।

"निर्णय १ *समाजको साधारण सभा (अधिवेशन) २०६६ चैत २७-२८ गते काठमाडौंमा आयोजना गर्ने ।*

२. *२०६६ चैत ६ गते शुक्रवारका दिन यस समाजका तदर्थ समितिका सदस्यहरु तथा अन्य ज्येष्ठ प्राध्यापहरुको समेत उपास्थितिमा आगामी साधारण सभाको तयारी र आयोजनबारे वृहत छलफल गर्ने ।"*

## प्रथम साधारण सभाको तयारी बैठक

२०६६ चैत ६ गते, शुक्रवारका दिन 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' तदर्थ समितिका सदस्यहरु तथा अन्य ज्येष्ठ प्राध्यापकहरुको समेत उपस्थितिमा आगामी साधारण सभाको तयारी र आयोजना बारे वृहत छलफल गर्न वसेको बैठकमा ४५ जना प्राध्यापकहरु उपस्थित रहनु भयो । यस बैठकमा 'साधारण सभाको तयारी र आयोजना' बारे तदर्थ समितिका सदस्य वसन्तलाल श्रेष्ठले प्रकाश पार्नु भयो । सोही विषयवारे अध्यक्ष वसन्त कुमार गौतमले थप जानकारी गराउनु भएपछि निम्न उल्लेखित प्राध्यापकहरुले आ-आफ्नो धारणा राख्नु भयो ।

| | | | |
|---|---|---|---|
| १. | निरञ्जन शर्मा | २. | अन्जीरमान प्रधान |
| ३. | तुलसी पाठक | ४ | भगवानरत्न तुलाधर |
| ५. | कृष्णचन्द्र श्रेष्ठ | ६. | गुणनिधि शर्मा |
| ७. | वीरेन्द्र प्रसाद मिश्र | ८. | विष्णुराज पाण्डेय |
| ९. | पुरुषरत्न बज्राचार्य | १०. | ब्रजकिशोर झा |
| ११. | पूर्णनाथ मिश्र | १२. | विद्यामान शाक्य |

आजको बैठकमा वृहत छलफल पछि देहाय वमोजिम निर्णय गरियो ।



"निर्णय १. *यस समाजको साधारण सभा आगामी २०६६ चैत २८ गते शानिवारका दिन आयोजना गर्ने र सोको तयारी का लागि सवै ज्येष्ठ प्राध्यापकहरुलाई सक्रियतापूर्वक सहयोग गर्न अनुरोध गर्ने ।*

२. *साधारण सभा सम्पन्न गर्न लाग्ने खर्च आन्तरिक श्रोतबाट जुटाउने ।"*

## प्रथम साधारण सभा

२०६६ चैत २८ गते, शनिवारका दिन 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल' को तदर्थ समिति का अध्यक्ष वसन्त कुमार गौतमको अध्यक्षतामा प्रथम साधारण सभा सम्पन्न भयो । वैठकमा उपस्थिति यस प्रकार रह्यो ।

| | | | |
|---|---|---|---|
| १. | वसन्त कुमार गौतम | २. | वसन्तलाल श्रेष्ठ |
| ३. | हरिदत्त लेखक | ४. | रामवृक्ष साहु |
| ५. | अन्जीरमान प्रधान | ६. | सुरेश बहादुर कार्की |
| ७. | आनन्द प्रकाश सिंह प्रधान | ८. | टेक बहादुर श्रेष्ठ |
| ९. | तुलसी प्रसाद पाठक | १०. | रामदेव मानन्धर |
| ११. | शंकरमान श्रेष्ठ | १२. | सुदर्शन रिसाल |
| १३. | विष्णुराज पाण्डेय | १४. | विद्यामान शाक्य |
| १५. | शीतलराज बस्नेत | १६. | वीरेन्द्र प्रसाद मिश्र |
| १७. | जमल देवी मानन्धर श्रेष्ठ | १८. | केदार गोविन्द अमात्य |
| १९. | जनार्दन मंडल | २०. | पूर्णनाथ मिश्र |
| २१. | कृष्णचन्द्र श्रेष्ठ | २२. | जुजुज्ञानी रंजित |
| २३. | गोविन्द मल्ल | २४. | भाइराजा रंजित |
| २५. | चन्द्रप्रकाश शर्मा | २६. | ऋषिकेशव राज रेग्मी |
| २७. | तिर्थानन्द वैद्य | २८. | लवचन्द्र श्रेष्ठ |
| २९. | पुरुषरत्न वज्राचार्य | ३०. | रमेश शाक्य |

साधारण सभाको अध्यक्षता गरी रहनु भएका वसन्त कुमार गौतमले वैठक प्रारम्भ भएको घोषणा गर्दै भन्नु भयो -

"विद्वान प्राध्यापक साथीहरु ! आजको वैठक मूलतः यस 'ज्येष्ठ प्राध्यापक समाज, नेपाल को प्रस्तावित विधान पारित गर्ने र विधान अनुसार यस समाजको केन्द्रीय कार्य समिति गठन गर्ने विषयमा केन्द्रित रहने छ । प्रस्तावित विधानको प्रतिलिपि ( फोटोकपी) सवै प्राध्यापक साथीहरुलाई पहिले नै उपलब्ध गराई सकिएको छ । तसर्थ विधान र केन्द्रीय कार्य समिति गठन वारेमा आ-आफ्नो धारण राख्न म प्राध्यापक साथीहरुलाई अनुरोध गर्दछु ।"

तत्पश्चात् तदर्थ समितिका सदस्य वसन्त लाल श्रेष्ठले संवोधन गर्दै भन्नु भयो -

"अध्यक्ष महोदय र विद्वान साथीहरु ! प्रस्तावित विधान तदर्थ समिति का अध्यक्ष वसन्त कुमार गौतमको सक्रियतामा तयार गरिएको हो । यसका प्रस्तावना लगायत

प्रत्येक धारा उपर तदर्थ समितिको वैठकमा विस्तृत छलफल भएको छ। यो विधान तयार गर्ने क्रममा अधिवक्ता प्राध्यापक र अन्य प्राध्यापकहरुसित पनि व्यापक छलफल गरिएको छ। आज उपस्थित प्राध्यापक साथीहरु मध्ये पनि कतिपय साथीहरुले विधान तयार पार्ने क्रममा आ-आफ्नो सुझाव प्रस्तुत गर्नु भएको छ। तसर्थ प्रस्तावित विधानलाई अनुमोदन गरी पारित गरी दिनु हुन म सबै प्राध्यापक साथीहरुलाई हार्दिक अनुरोध गर्दछु।"

तत्पश्चात् आ-आफ्नो धारणा प्रस्तुत गर्नु हुने प्राध्यापकहरु देहाय वमोजिम हुनुहुन्छ।

| | | | |
|---|---|---|---|
| १. | सुदर्शन रिसाल | २. | सुरेश बहादुर कार्की |
| ३. | हरिदत्त लेखक | ४. | चन्द्रप्रकाश शर्मा |
| ५. | तुलसी प्रसाद पाठक | ६. | अन्जीरमान प्रधान |
| ७. | पूर्णनाथ मिश्र | ८. | रमेश शाक्य |
| १०. | कृष्णचन्द्र श्रेष्ठ | ११. | ऋषिकेशव राज रेग्मी |
| १२. | विद्यामान शाक्य | १३. | विष्णुराज पाण्डेय |
| १४. | रामवृक्ष साहु | १५. | भाइराजा रंजीत |
| १६. | पुरुषरत्न बज्राचार्य | | |

प्राध्यापकहरुले बोल्नेक्रममा यस समाजको नाम 'नेपाल ज्येष्ठ प्राध्यापक समाज' (Nepal Senior Professors' Society) राख्ने सुझाव प्रस्तुत गर्नु भयो। यो सुझावलाई सवैले उपयुक्त सुझाव भन्दै समर्थन जनाउनु भयो।

तत्पश्चात उपस्थित सवै प्राध्यापकहरुले सर्वसम्मत रुपमा ध्वनि मतले 'नेपाल ज्येष्ठ प्राध्यापक समाज' को प्रस्तावित विधान अनुमोदन गर्दै पारित गर्नुभयो।

साथै यस समाजको स्थापना भर्खर भएकोले केन्द्रीय कार्य समिति को गठन निर्विरोध गरिनु पर्नेमा सवै वक्ताहरुको एकमत रह्यो। यस समाजको स्थापना काल देखि सकृय रहनु भएका वसन्त कुमार गौतम को नेतृत्वमा समाजको केन्द्रीय कार्य समिति गठन हुनुपर्ने पनि सर्वसम्मत विचार वक्ताहरुले राख्नुभयो। साथै तदर्थ समितिका सवै सदस्यहरु केन्द्रीय कार्य समितिमा समावेश हुनु पर्ने राय सर्वसम्मत रुपमा प्रस्तुत भयो। ज्येष्ठ प्राध्यापकहरु सित व्यापक छलफल गरी समाजको विधानलाई सर्वसम्मत रूपमा स्वीकृति प्रदान गरियो। केन्द्रीय कार्य समितिका पदाधिकारीहरु तथा सदस्यहरुमा प्रस्तावित नामहरु संकलन गरी ज्येष्ठ प्राध्यापक डा. वीरेन्द्र प्रसाद मिश्रले साधारण सभामा प्रस्तुत गर्नुभयो र प्रस्तावित केन्द्रीय समिति सर्वसम्मत रूपमा गठन भयो।

नेपाल ज्येष्ठ प्राध्यापक समाजको प्रथम साधारण सभाको वैठकबाट सर्वसम्मतरूपमा देहाय वमोजिम को निर्णयहरु गरियो।

"निर्णय: *१. यस समाजको नाम 'नेपाल ज्येष्ठ प्राध्यापक समाज' रहने गरी विधान सर्वसम्मत रूपमा पारित गरिएको छ।*



*२. यस समाजको केन्द्रीय कार्य समिति देहाय वमोजिम रहने सर्वसम्मत निर्णय गरिएको छ।*

| | | |
|---|---|---|
| *१.* | *श्री वसन्त कुमार गौतम* | *- अध्यक्ष* |
| *२.* | *श्री वसन्त लाल श्रेष्ठ* | *- उपाध्यक्ष* |
| *३.* | *डा. रामवृक्ष साहु* | *- महासचिव* |
| *४.* | *श्री तिर्थानन्द वैद्य* | *- सचिव* |
| *५.* | *डा. जमल देवी मानन्धर(श्रेष्ठ)* | *- कोषाध्यक्ष* |
| *६.* | *डा. हरिदत्त लेखक* | *- सदस्य* |
| *७.* | *श्री सत्यनारायण श्रेष्ठ* | *- सदस्य* |
| *८.* | *श्री जनार्दन मंडल* | *- सदस्य* |
| *९.* | *डा. अन्जीरमान प्रधान* | *- सदस्य* |
| *१०.* | *डा. ऋषिकेशव राज रेग्मी* | *- सदस्य* |
| *११.* | *श्री विष्णुराज पाण्डेय* | *- सदस्य* |
| *१२.* | *डा. गोविन्द मल्ल* | *- सदस्य* |

*३. यस संस्थालाई संस्था दर्ता ऐन २०३४ वमोजिम दर्ता गर्न संबंधित निकायमा निवेदन दिने र संस्था दर्ता गराउने सर्वसम्मत निर्णय गरिएको छ।*

*४. यस संस्थालाई संस्था दर्ता ऐन २०३४ वमोजिम दर्ता गर्न संवंधित निकायमा निवेदन दिन र सम्पर्क गर्नका लागि अध्यक्ष श्री वसन्त कुमार गौतमलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरिएको छ।"*

वैठक को अन्तमा अध्यक्ष वसन्त कुमार गौतमले वैठकमा उपस्थित हुनु हुने र आफ्नो धारणा राख्नु हुने ज्येष्ठ प्राध्यापकहरुलाई धन्यवाद दिनु भयो। साथै विधान पारित भएको र केन्द्रीय कार्य समितिको सर्वसम्मत गठन भएकोमा सवै प्राध्यापकहरु प्रति आफ्नो र कार्य समितिको तर्फवाट आभार व्यक्त गर्दै प्रथम साधारण सभाको वैठक समाप्त भएको घोषणा गर्नु भयो।

## केन्द्रीय कार्य समितिको वैठक

२०६७ पुष १५ विहीवारका दिन यस समाजको केन्द्रीय समितिको वैठकबाट देहाय वमोजिम निर्णय गरिएको छ।

"निर्णय: *१. यस संस्थालाई सामाजिक संस्था दर्ता ऐन २०३४ वमोजिम दर्ता गर्न संवंधित निकायमा निवेदन दिने र दर्ता गराउने सर्वसम्मत निर्णय गरिएकोछ।*

*२. यस संस्थालाई सामाजिक संस्था दर्ता ऐन २०३४ वमोजिम दर्ता गर्न संवंधित निकायमा निवेदन दिन र सम्पर्क गर्नका लागि अध्यक्ष श्री वसन्त कुमार गौतमलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरिएको छ।*

यस समाजलाई दर्ता गर्ने क्रममा विभिन्न प्रक्रियागत कठिनाईहरु देखिएपछि ती प्रक्रियागत कठिनाईहरुलाई २०६७ आश्विन २० गते, बुधवार र २०६७ पुष १५ गते विहीबारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकले हटायो । यसरी २०६८ वैशाख १२ गते, सोमवारका दिन यस समाजलाई जिल्ला प्रशासन कार्यलय, काठमाण्डौमा दर्ता गरिएको छ र यसको दर्ता नम्बर १०२९ रहेको छ ।

२०६८ वैशाख २५ गते, आइतवारका दिन यस समाज को केन्द्रीय कार्य समितिको वैठकबाट देहाय वमोजिमको निर्णय गरिएको छ ।

"निर्णयः *१. यस संस्थाको विधानको धारा १६ (क) वमोजिम अध्यक्ष को सिफारिशमा डा. देवेन्द्रराज मिश्र र डा. पराशर कोइराला लाई कार्य समितिको सदस्यमा आजको वैठकबाट मनोनयन गर्ने निर्णय गरिएको छ ।"*

२०६८ कार्तिक २१ गते, सोमवारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठक वाट निर्णय गरिए अनुसार २०६८ पुष २ गते शानिवार दिन यस समाजको दोश्रो साधारण सभाको वैठक भयो र यस वैठक वाट गरिएको निर्णय यस प्रकार छ ।

"निर्णयः *विशेष कारणवश आज काठमाडौमा सवारी साधनहरु न चलेकोले ज्येष्ठ प्राध्यापक सदस्यहरुको उपस्थिति न्यून रहेको हुँदा आज हुने यस समाजको दोस्रो साधारण सभा स्थगित गरिएको छ ।"*

२०६८ माघ ५ गते, विहीवारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकबाट गरिएको निर्णय यस प्रकार छ ।

"निर्णयः *१. २०६८ पुष २ गते स्थगित गरिएको यस समाजको दोस्रो साधारण सभा २०६८ चैत मसान्त भित्र सम्पन्न गर्ने ।*

*२. दोस्रो साधारण सभा हुने मिति केन्द्रीय कार्यसमितिको आगामी वैठकमा टुंगो लगाउने ।"*

२०६८ फागुन १२ गते शुक्रवार का दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकबाट गरिएको निर्णय यस प्रकार छ ।

"निर्णयः *यस समाजको दोस्रो साधारण सभा २०६८ चैत्र ११ गते शानिवारका दिन त्रिचन्द्र क्याम्पासमा दिउँसो १२.३० बजे आयोजना गर्ने ।"*

## दोस्रो साधारण सभा

२०६८ चैत ११ गते, शनिवारका दिन यस समाजको दोस्रो साधारण सभा(राष्ट्रिय अधिवेशन) सम्पन्न भयो र साधारण सभाले महासचिव तथा कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनहरु सर्वसम्मत रुपमा पारित गर्‍यो ।

२०६९ चैत २३ गते शनिवारका दिन नयाँ वर्ष २०७० को आगमनको शुभ अवसरमा शुभकामना आदान प्रदान र चियापान को आयोजना गरियो । यस कार्यक्रममा ज्येष्ठ प्राध्यापकहरुको उल्लेख्य उपस्थिति रह्यो ।



२०७० वैशाख २५ गते, बुधवारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकवाट गरिएको निर्णय यस प्रकार छ ।

"निर्णयः *यस समाजको आगामी साधारण सभा यही २०७० असार १ गते शनिवारका दिन त्रिचन्द्र क्याम्पस, काठमाण्डौमा गर्ने निर्णय गरिएको छ ।"*

## तेस्रो साधारण सभा

२०७० असार १ गते शानिवार का दिन यस समाजको तेस्रो साधारण सभा (राष्ट्रिय अधिवेशन) यस समाजका अध्यक्ष वसन्त कुमार गौतमको अध्यक्षतामा बस्यो । वैठकमा उपस्थिति यस प्रकार रह्यो ।

| | | | |
|---|---|---|---|
| १. | वसन्त कुमार गौतम | २. | वसन्तलाल श्रेष्ठ |
| ३. | रामवृक्ष साहु | ४. | गोविन्द मल्ल |
| ५. | ऋषिकेशवराज रेग्मी | ६. | शिव प्रसाद धौभडेल |
| ७. | विष्णुराज पाण्डेय | ८. | तिर्थानन्द वैद्य |
| ९. | जनार्दन मंडल | १०. | प्रेम प्रसाद थपलिया |
| ११. | देवेन्द्र राज मिश्र | १२. | चन्द्र रमण पराजुली |
| १३. | माधव प्रसाद शर्मा | १४. | विदुर प्रसाद पौडेल |
| १५. | विमल नारायण प्रसाद गुप्ता | १६. | नरेन्द्र वहादुर महर्जन |
| १७. | कोमल नाथ सुवेदी | १८. | वोधराज काफले |
| १९. | गोपाल विक्रम भण्डारी | २०. | बद्री लक्ष्मी वैद्य |
| २१. | दिल्ली देवी शाक्य | २२. | नातीमैया मानन्धर शर्मा |
| २३. | प्रभा पराजुली | २४. | देवी प्रसाद सुवेदी |
| २५. | गोपाल पोखरेल | २६. | भाइराजा रंजीत |
| २७. | टेक बहादुर श्रेष्ठ | २८. | गोविन्द प्रसाद उपाध्याय |
| २९. | शौभाग्यजङ्ग कार्की | ३०. | ललित वस्नेत |
| ३१. | चन्द्रलाल जोशी | ३२. | रमेश पाण्डे |
| ३३. | केशब खतिवडा | ३४. | कृष्ण प्रसाद पौडेल |
| ३५. | गोपाल शिवाकोटी | ३६. | यादव प्रसाद पन्त |
| ३७. | लवचन्द्र श्रेष्ठ | ३८. | केदार गोविन्द अमात्य |
| ३९. | प्रकाशरत्न शाक्य | ४०. | निरञ्जन शर्मा |
| ४१. | तिलकमान श्रेष्ठ | ४२. | पूर्णनाथ मिश्र |
| ४३. | नवीनप्रकाश जङ्ग शाह | ४४. | हिरण्यलाल कर्माचार्य |
| ४५. | राममान श्रेष्ठ | ४६. | कृष्णचन्द्र श्रेष्ठ |
| ४७. | लक्ष्मण मोहनध्वज जोशी | | |

तेस्रो साधारण सभामा महासचिव एंव कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनहरु सर्वसम्मत रूपमा पारित गरियो ।

तेस्रो साधारण सभा द्वारा नया केन्द्रीय कार्य समितिको निर्वाचन गर्नु पर्ने भएकाले सो बारे देहायका ज्येष्ठ प्राध्यापकहरुले आ-आफ्नो धारणा राख्नु भयो ।

| | | | |
|---|---|---|---|
| १. | विमलनारायण प्रसाद गुप्ता | २. | गोविन्द मल्ल |
| ३. | गोपाल पोखरेल | ४. | भाइराजा रंजित |
| ५. | यादव प्रसाद पंत | ६. | कोमलनाथ सुवेदी |
| ७. | कृष्णचन्द्र श्रेष्ठ | ८. | रमेश पाण्डे |
| ९. | चन्द्र रमण पराजुली | १०. | टेक वहादुर श्रेष्ठ |
| ११. | प्रभा पराजुली | १२. | दिल्ली देवी शाक्य |
| १३. | शौभाग्यजङ्ग कार्की | १४. | ललित वस्नेत |

धारणा व्यक्त गर्नु हुनु सवै सदस्य प्राध्यापहरुले केन्द्रीय कार्य समिति यथावत् कायम राख्ने कुरामा जोड दिनु भयो । तथापि वर्तमान केन्द्रीय कार्यसमितिका केही सदस्यहरुले व्यावहारिक कठिनाईका कारण समय दिन न सक्ने जानकारी गराउनु भएकोले सो उपर पनि साधारण सभामा व्यापक छलफल भयो ।

तत्पश्चात् साधारण सभाद्वारा जिम्मेवारी दिइए अनुरूप उपस्थित ज्येष्ठ प्राध्यापकहरुसित छलफल गरी र सुझाव संकलन गरी प्रेम प्रसाद थपलियाले आगामी कार्यकालका लागि केन्द्रीय कार्य समितिको गठन सर्वसम्मत रुपमा गर्न अध्यक्ष लगायत पदाधिकारी र सदस्यहरुको नामावली साधारण सभासमक्ष प्रस्तुत गर्नु भयो । यस प्रस्तावप्रति ध्वनिमतले सबै सदस्यहरुले समर्थन जनाउनु भयो ।

तेस्रो साधारण सभाद्वारा गरिएको सर्वसम्मत निर्णय यस प्रकार रहेको छ ।

निर्णयः १. *महासचिव र कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन सर्वसम्मत् रूपमा पारित गरिएको छ ।*

२. *नवगठित केन्द्रीय कार्य समिति देहाय बमोजिम हुनेछ ।*

| | | |
|---|---|---|
| *१.* | *अध्यक्ष -* | *श्री वसन्त कुमार गौतम* |
| *२.* | *उपाध्यक्ष-* | *श्री वसन्तलाल श्रेष्ठ* |
| *३.* | *महासचिव -* | *डा. रामवृक्ष साहु* |
| *४.* | *सचिव -* | *श्री तिर्थानन्द वैद्य* |
| *५.* | *कोषध्यक्ष -* | *डा. दिल्ली देवी शाक्य* |
| *६.* | *सदस्य -* | *डा. हरिदत्त लेखक* |
| *७.* | *सदस्य -* | *श्री जनार्दन मंडल* |
| *८.* | *सदस्य -* | *डा. गोविन्द मल्ल* |
| *९.* | *सदस्य-* | *श्री विष्णुराज पाण्डेय* |
| *१०.* | *सदस्य -* | *डा. ऋषिकेशबराज रेग्मी* |
| *११.* | *सदस्य -* | *श्री यादव प्रसाद पंत* |
| *१२.* | *सदस्य -* | *श्रीमती प्रभा पराजुली* |



## केन्द्रीय कार्य समितिको बैठक

२०७० आश्विन १७ गते विहीवारका दिन यस समाज को केन्द्रीय कार्य समिति को वैठकबाट देहाय अनुसारको निर्णय गरिएको छ ।

"निर्णयः *यस समाजको विधाको धारा १६(क) वमोजिम अध्यक्षको सिफाशिमा डा. देवेन्द्रराज मिश्र, डा. पराशर कोइराला र डा. गोपाल पोखरेललाई कार्य समितिको सदस्यमा आजको वैठकबाट मनोनयन गर्ने निर्णय गरिएको छ ।"*

२०७१ वैशाख ८ गते सोमवारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकबाट देहाय अनुसारको निर्णय गरिएको छ ।

"निर्णय *यस समाजका सदस्यहरुको परिचय पत्र बनाउन त्रिभुवन विश्वविद्यालयलाई अनुरोध गर्ने र तत्कालका लागि यस समाजका तर्फवाट परिचय पत्र बनाई सदस्यहरुलाई उपलब्ध गराउने ।*

२०७१ चैत ८ गते, आइतवारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकबाट देहाय अनुसारको निर्णय गरिएको छ ।

"निर्णयः *यस समाजको आगामी साधारण सभा(राष्ट्रिय अधिवेशन) २०७२ ज्येष्ठ २ गते शानिवारका दिन गर्ने ।"*

## २०७२ जेठ २ गते शनिवार

"२०७२ वैशाख १२ गते शनिवारका दिन गोरखाको बारपाकमा केन्द्रविन्दु रहेको ७.८ रेक्टरको महाविनाशकारी भूकम्प गएको र त्यसका पराकम्पहरु आउने क्रम जारी रहेको, २०७२ वैशाख २९ गते मंगलवारका दिन पुनः महाविनाशकारी पराकम्प गएको, महाविनाशकारी भूकम्पमा परी हजारौंको ज्यान गएको, हजारौं घाइते भएका, लाखौं घरवार विहीन भएका र अरबौंको भौतिक सम्पति नष्ट भएको यस विषम तथा असहज परिस्थितिमा यस समाजको साधारण सभा संचालन गर्न सम्भव न हुने भन्ने कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु तथा यस समाजका सदस्यहरुको जिकिर रहेको र आज हुने साधारण सभाको वैठक स्थगित गरी पछि सहज परिस्थिति सृजना भए पछि गर्ने सुझाव प्राप्त भएकोले आजको साधारण सभा स्थगित गरिएको छ ।"

२०७२ श्रावण १२ गते, मंगलवार का दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकबाट देहाय अनुसारको निर्णय गरिएको छ ।

"निर्णयः *२०७२ वैशाख १२ गते, शनिवारका दिन गोरखा को बारपाकमा केन्द्रविन्दु रहेको ७.८ रेक्टरको महाविनाशकारी भूकम्प तथा त्यस पछि २०७२ वैशाख २९ गते मंगलवारका दिनलगायत आजसम्म पनि आई रहेका पराकम्पहरुमा परि असामयिक तथा दुःखद निधन भएका दिदि-वहिनी एवं दाजु-भाईहरुको परिवार प्रति आजको वैठक हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछ । साथै सवै घाइतेहरुको शिघ्र स्वास्थ लाभको कामना गर्दै घाइतेहरुको उपचार र भूकम्प पछिको पुनर्निर्माण यथाशिघ्र*

*सुचारु रुपले अगाडि बढाउन नेपाल सरकार र सम्वन्धित सवै निकायहरुसंग नेपाल ज्येष्ठ प्राध्यापक समाज आग्रह गर्दछ।"*

२०७२ फागुन १७ गते सोमबारका दिन यस समाजको केन्द्रीय कार्यसमितिको वैठकबाट देहाय अनुसारको निर्णय गरिएको छ।

"निर्णयः *नववर्ष २०७३ को आगमनको शुभ अवसरमा २०७२ चैत २७ गते, शनिवारका दिन भेटघाट तथा चियापान कार्यक्रमको आयोजना गर्ने।"*

चौथो साधारण सभाको मिति तोक्नका लागि यस समाजको केन्द्रीय कार्य समितिको वैठक २०७३ जेठ २७ गते विहिवारका दिन र पुनः २०७३ असार ३ गते शुक्रवारका दिन बस्ने भएकोमा विशेष कारणवश वैठक स्थगित गरियो।

२०७३ असार ६ गते सोमबारका दिन यस समाजको केन्द्रीय कार्य समितिको वैठकबाट देहाय अनुसारको निर्णय गरिएको छ।

"निर्णयः
*१. यस समाजको चौथो साधारण सभा २०७३ असार २५ गते शनिवारका दिन दिउँसो १२.३० बजे त्रिचन्द्र क्याम्पसमा हुनेछ।*
*२. यस समाजको विधानको परिच्छेद ७ को धारा १५ मा उल्लेखित केन्द्रीय कार्यसमितिमा निवर्तमान अध्यक्ष पनि रहने र धारा १६ (क) मा उल्लेखित 'सात जना सदस्यहरुको निर्वाचन' को सट्टा '६ जना सदस्यहरुको निर्वाचन' भन्ने संशोधन मस्यौदा साधारण सभामा पेश गर्ने।*
*३. वसन्त कुमार गौतमद्वारा लिखित नेपाल ज्येष्ठ प्राध्यापक समाज एक परिचय नामक पुस्तक प्रकाशित गर्ने।*



# नेपाल ज्येष्ठ प्राध्यापक समाजको विधान २०६६
# Nepal Senior Professors' Society 2010

**प्रस्तावना**

राष्ट्रियताको संरक्षण, राष्ट्रिय एकताको संवर्द्धन र राष्ट्रिय सम्मानको अभिवृद्धिमा क्रियाशील हुन, राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन सक्रिय रहन, आधारभूत मानवअधिकार र मौलिक हकको निर्वाध प्रयोग गर्न गराउन अग्रसर हुन र ज्येष्ठ प्राध्यापकहरुको हक हितको संरक्षण र संवर्द्धनका लागि प्रयत्नशील रहन संगठित हुने उद्देश्य लिई विश्वविद्यालयमा लामो अवधिसम्म प्राध्यापन गरी सेवा निवृत भएका ज्येष्ठ प्राध्यापकहरुको भेलाले नेपाल ज्येष्ठ प्राध्यापक समाज (Nepal Senior Professors' Society) नामक संस्था स्थापना गरी कार्य संचालन गर्न संस्था दर्ता ऐन, २०३४ बमोजिम यो विधान तर्जुमा गरी जारी गरेको छ।

### परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**
   (क) यस संस्थाको नाम 'नेपाल ज्येष्ठ प्राध्यापक समाज' रहनेछ। यसलाई ने.ज्ये.प्रा.स. द्वारा पनि जनाउन सकिनेछ। अंग्रेजीमा यस संस्थाको नाम Nepal Senior Professors' Society रहनेछ र N.S.P.S. द्वारा पनि जनाउन सकिनेछ।
   (ख) यो विधान संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको मितिबाट प्रारम्भ हुनेछ।

### परिच्छेद – २
## परिभाषा

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,
   (क) 'विधान' भन्नाले नेपाल ज्येष्ठ प्राध्यापक समाजको विधान सम्झनु पर्छ।
   (ख) 'समाज' भन्नाले नेपाल ज्येष्ठ प्राध्यापक समाज सम्झनु पर्छ।
   (ग) 'केन्द्रीय कार्यसमिति' भन्नाले समाजको केन्द्रीय कार्यसमिति सम्झनुपर्छ।
   (घ) 'अध्यक्ष' भन्नाले समाजको अध्यक्ष सम्झनु पर्छ।
   (ङ) 'उपाध्यक्ष' भन्नाले समाजको उपाध्यक्ष सम्झनु पर्छ।
   (च) 'महासचिव' भन्नाले समाजको महासचिव सम्झनु पर्छ।
   (छ) 'सचिव' भन्नाले समाजको सचिव सम्झनु पर्छ।
   (ज) 'कोषाध्यक्ष' भन्नाले समाजको कोषाध्यक्ष सम्झनु पर्छ।
   (झ) 'सदस्य' भन्नाले समाजको सदस्य सम्झनु पर्छ।
   (ञ) 'ज्येष्ठ प्राध्यापक' भन्नाले विश्वविद्यालय, विश्वविद्यालय अन्तर्गतका आंगिक/सम्बन्धन प्राप्त महाविद्यालय/क्याम्पस वा अनुसन्धान केन्द्रमा

प्राध्यापन वा अनुसन्धान गरी निवृत्तिभरण प्राप्त गरेका प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापक सम्झनु पर्दछ ।

(ट) 'साधारण सभा' भन्नाले समाजको साधारणसभा सम्झनु पर्छ ।

(ठ) 'शाखा' भन्नाले समाजको शाखा सम्झनु पर्छ ।

**परिच्छेद – ३**

## उद्देश्य र कार्यक्रम

३. **समाजको उद्देश्य** : समाजको मूलभूत उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) राष्ट्रियताको संरक्षण र राष्ट्रिय एकताको संवर्द्धन गर्न गराउन सक्रिय रहने ।

(ख) राष्ट्रको सम्मान र गौरव अभिवृद्धि गर्न गराउन प्रयास गर्ने ।

(ग) राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन ज्येष्ठ प्राध्यापकहरुको ज्ञान, सीप, क्षमता र अनुभवको उपयोग गर्न गराउन क्रियाशील रहने ।

(घ) आधारभूत मानवअधिकार र मौलिक हकको निर्वाध उपभोग गर्न गराउन अग्रसर हुने ।

(ङ) निवृत्तिभरण प्राप्त गरेका प्राध्यापकहरुको हकहितको संरक्षण र संवर्द्धनका लागि सक्रिय रहने ।

(च) समाजको उद्देश्यसँग सहमत हुने राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था एवं बुद्धिजीवीहरुसँग विचारको आदान-प्रदान र पारस्परिक सहयोगको व्यवस्था गर्ने ।

(छ) यो संस्था गैर नाफामूलक, सामाजिक गैर सरकारी संस्था हुनेछ ।

४. **समाजको उद्देश्यहरुको परिपूर्तिका लागि गरिने कार्यक्रमहरु देहायबमोजिम रहेका छन्:**

(क) राष्ट्रियताको संरक्षण र राष्ट्रिय एकताको संवर्द्धनमा विशेष योगदान पुऱ्याउन सक्ने विशिष्ट व्यक्तिहरुबाट प्रवचन गराउने ।

(ख) समसामयिक विषयहरुमा वैचारिक छलफलको माध्यमबाट विचारको आदानप्रदान गर्ने, प्रशिक्षण, गोष्ठी आदि कार्यक्रमको व्यवस्था गर्ने ।

(ग) सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, भौगोलिक, ऐतिहासिक, संवैधानिक, पर्यावरणीय समेतका र यस्तै राष्ट्रिय महत्वका विभिन्न विषयहरुबारे सम्बन्धित क्षेत्रमा विशेष योगदान पुऱ्याएका ख्यातिप्राप्त र विशिष्ट ज्ञान हासिल गरेका व्यक्तिहरुबाट चिन्तन, मनन, अध्ययन, अनुसन्धान र विश्लेषण गर्न लगाउने तथा निकालिएको निष्कर्ष जनसमुदाय समक्ष जानकारी गराउने र त्यस्तो राय विचार सम्बन्धित निकाय वा व्यक्तिबाट कार्यान्वयन गर्न गराउन प्रयास गर्ने ।

(घ) राष्ट्रिय समृद्धि र विकासका लागि संचालन गरिने कार्यक्रमहरुमा ज्येष्ठ प्राध्यापकहरुको सहभागिता अभिवृद्धि गर्न प्रयत्नशील रहने ।



(ङ) चल अचल सम्पत्ति आर्जन गर्ने, आवश्यकताअनुसार सहयोगी कर्मचारीहरु नियुक्त गर्ने, संगठित संस्थाले गर्न सक्ने कार्य गर्ने र श्रोत परिचालन गर्ने ।

(च) समाजको उद्देश्यहरुको प्रचारका लागि आवश्यक प्रकाशनको व्यवस्था मिलाउने ।

(छ) समाजको उद्देश्य परिपूर्तिका लागि आवश्यक अन्य कार्यक्रमहरु गर्ने ।

(ज) नेपाल सरकारको संबन्धित निकायको नीति निर्देशनमा रही संस्था संचालन हुनेछ ।

**परिच्छेद – ४**

## संस्थापन र गठन विधि

५. **संस्थापना** :

(क) नेपाल ज्येष्ठ प्राध्यापक समाज नामक यो संस्था स्थापना एवं गठन भएको छ । यसलाई प्रचलित कानूनको रीत पुऱ्याई सम्बन्धित कार्यालयमा दर्ता गरिनेछ ।

(ख) नेपाल ज्येष्ठ प्राध्यापक समाज अविच्छिन्न उत्तराधिकारवाला एक गैरराजनीतिक, गैरमुनाफाकारी, स्वतन्त्र र संगठित सामाजिक संस्था हुनेछ ।

(ग) यस संस्था उपर व्यक्ति सरह नालिश उजूर लाग्न सक्नेछ र यस संस्थाले पनि आफ्नो नामबाट नालिश उजूर गर्न सक्नेछ ।

६. **कार्यालय र छाप** :

(क) यस समाजको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । कानूनी प्रक्रिया पूरा गरी आवश्यकता अनुसार यस समाजको शाखा अन्य स्थानहरुमा पनि रहन सक्नेछ ।

(ख) समाजको कार्य संचालनका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ । समाजको छापको नमूना अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद – ५**

## सदस्यता

७. **सदस्यता** :

(क) विश्वविद्यालय, विश्वविद्यालय अन्तर्गतका आंगिक वा सम्बन्धन प्राप्त महाविद्यालय/क्याम्पस वा अनुसन्धान केन्द्रमा लामो समयसम्म प्राध्यापन वा अनुसन्धान गरी निवृत्तिभरण प्राप्त गरेका ज्येष्ठ प्राध्यापकहरुले यस समाजको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(ख) केन्द्रीय कार्यसमितिको निर्णयद्वारा वा शाखाको सिफारिशमा केन्द्रीय कार्यसमितिको अनुमोदनबाट यस समाजको सदस्यता प्रदान गरिनेछ ।

(ग) विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई केन्द्रीय कार्यसमितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

८. **सदस्यता शुल्क** :

(क) यस समाजको सदस्यताका लागि प्रवेश शुल्क रु. १,०००।- हुनेछ ।

(ख) यस समाजको सदस्यताका लागि वार्षिक शुल्क रु. ५००।- हुनेछ ।

(ग) प्रत्येक वर्ष चैत्र मसान्तभित्र वार्षिक शुल्क तिरी आगामी वर्षका लागि सदस्यता नवीकरण गर्नुपर्नेछ । म्यादभित्र सदस्यता नवीकरण गर्न नसकेको उपयुक्त कारण सहित साधारण सभा हुनु भन्दा कम्तीमा एक महिना अगाडिसम्म सदस्यता नवीकरण गर्न आएमा सदस्यता नवीकरण गर्न सकिनेछ ।

९. **सदस्यताको समाप्ति** : सदस्यताको समाप्ति देहायको अवस्थामा हुनेछ :

(क) सदस्यताबाट राजीनामा दिएमा ।

(ख) सदस्यता नवीकरण नगराएमा ।

(ग) समाजको उद्देश्य, भावना वा हित विपरीतको आचरण गरेको प्रमाणित भई केन्द्रीय कार्यसमितिले सदस्यता निरस्त गरेमा । तर केन्द्रीय कार्यासमितिले उक्त सदस्यलाई सफाईको मौकाबाट वञ्चित गर्ने छैन ।

## परिच्छेद – ६

## साधारण सभा

१०. **साधारणसभा** :

(क) यस समाजको सर्वोच्च निकाय साधारण सभा हुनेछ ।

(ख) समाजका सबै सदस्यहरु साधारण सभाका सदस्य हुनेछन् ।

(ग) सामान्यतया साधारण सभा वर्षको एक पटक बस्नेछ ।

११. **साधारणसभाको सूचना र गणपूरक संख्या** :

(क) केन्द्रीय कार्यसमितिले साधारण सभा हुने स्थान र मिति उल्लेख गरी एक महिना अगावै सबै सदस्यहरुलाई सूचना पठाउनेछ । यस्तो सूचना पत्रपत्रिकामा प्रकाशित भएमा पनि सबै सदस्यलाई सूचना गरिएको मानिनेछ ।

(ख) तत्काल कायम रहेको कूल सदस्य संख्याको ६० प्रतिशत उपस्थितिलाई साधारण सभाको गणपूरक संख्या मानिनेछ ।

(ग) गणपूरक संख्या नपुगेको कारणले साधारण सभा हुन नसकेमा कम्तीमा ५ दिनको म्याद दिई दोस्रो पटक बैठक बोलाइनेछ र दोस्रो पटकको बैठकमा ५१% सदस्य उपस्थित भए पनि साधारण सभा बस्नेछ ।

(घ) अविश्वास प्रस्तावका लागि कम्तीमा ५१ प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।



(ङ) कूल सदस्य संख्याको दुई तिहाईको निर्णय साधारण सभाको निर्णय हुनेछ । साधारण सभाको निर्णयहरु साधारण सभाको अध्यक्षता गर्ने व्यक्ति र साधारणसभाले तोकेको दुईजना सदस्यहरुबाट प्रमाणित गराई राख्नुपर्नेछ ।

१२. **विशेष साधारणसभा** :

(क) साधारणसभाद्वारा कुनै विषयमा निर्णय हुनुपर्ने देखिएमा केन्द्रीय कार्यसमितिले जुनसुकै समयमा पनि विशेष साधारणसभा बोलाउन सक्नेछ ।

(ख) तत्काल कायम रहेको कुल सदस्य संख्याको २० प्रतिशतले विशेष साधारणसभा बोलाउन कारण खोली लिखित रुपमा माग गरेमा केन्द्रीय कार्यसमितिले १५ दिन भित्र त्यस्तो विशेष साधारणसभा बोलाउनु पर्नेछ ।

(ग) विशेष साधारणसभाको अन्य कार्यविधि साधारणसभा सरह हुनेछ ।

१३. **अध्यक्षता** :

(क) साधारणसभाको अध्यक्षता अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यमध्ये सहमतिमा एकजनाले साधारणसभाको अध्यक्षता गर्नेछन् ।

(ख) साधारणसभामा कुनै विषयमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

१४. **साधारणसभाको काम, कर्तव्य र अधिकार** : साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समाजको नीति र कार्यक्रम निर्माण गर्ने र पारित गर्ने ।

(ख) केन्द्रीय कार्यसमितिको प्रतिवेदन उपर छलफल गर्ने, निर्णय गर्ने र निर्देशन दिने ।

(ग) समाजको हर हिसाब जाँच गर्न लेखा परीक्षक नियुक्त गर्ने ।

(घ) लेखा परीक्षकको प्रतिवेदनमा छलफल गर्ने, निर्णय गर्ने ।

(ङ) केन्द्रीय कार्यसमिति गठन गर्ने ।

(च) विधान संशोधन गर्ने ।

(छ) केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यविरुद्ध अविश्वासको प्रस्ताव पारित गर्ने ।

(ज) समाजको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(झ) यस विधान अनुसार गर्नुपर्ने अन्य काम गर्ने ।

## परिच्छेद – ७
# केन्द्रीय कार्यसमिति

१५. **केन्द्रीय कार्यासमितिः** समाजको कार्य संचालन र व्यवस्थापनका निमित्त निम्न बमोजिम पदाधिकारी एवं सदस्यहरु रहेको १५ जनासम्मको केन्द्रीय कार्यसमिति रहनेछ :

| | | | |
|---|---|---|---|
| (क) | अध्यक्ष - १ | (ख) | उपाध्यक्ष - १ |
| (ग) | महासचिव - १ | (घ) | सचिव - १ |
| (ङ) | कोषाध्यक्ष - १ | (च) | सदस्य - १० |

१६. **केन्द्रीय कार्यसमितिको गठन :**

(क) केन्द्रीय कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सात जना सदस्यहरूको निर्वाचन साधारणसभाबाट हुनेछ र तीनजना सदस्यहरूको मनोनयन अध्यक्षको सिफारीसमा केन्द्रीय कार्य समितिबाट हुनेछ ।

(ख) निर्वाचनको विधि साधारणसभाले निर्णय गरे अनुसार हुनेछ ।

(ग) निर्वाचन कार्यका लागि केन्द्रीय कार्यसमितिले निर्वाचन अधिकृत समेत बढीमा तीन सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ । साधारणसभाको स्वीकृति लिई कार्यसमितिद्वारा नियम नबनेसम्म निर्वाचनको कार्यविधि निर्वाचन समितिले निर्धारण गर्नेछ ।

१७. **केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार** : केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) समाजको उद्देश्य परिपूर्तिका लागि गर्नुपर्ने सबै कामहरु गर्ने गराउने ।

(ख) साधारणसभाले पारित गरेका निर्णय र कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) समाजको साधारण सदस्यता⁄मानार्थ सदस्यता दिने ।

(घ) समाजको दैनिक कार्य सम्पादन गर्ने र सचिवालयको प्रबन्ध गर्ने ।

(ङ) उपयुक्त स्थानमा समाजको शाखा खोली मान्यता प्रदान गर्ने ।

(च) समाजको उद्देश्य परिपूर्तिका लागि आवश्यक समिति, उपसमिति वा कार्यदल गठन गर्ने ।

(छ) केन्द्रीय कार्यसमितिको गठनका लागि निर्वाचन समिति गठन गर्ने ।

(ज) धारा १६ (क) बमोजिम तीनजना सदस्यहरूको मनोनयन गर्ने ।

(झ) अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरुसँग सम्बन्ध राख्ने, सहयोग आदानप्रदान गर्ने ।

(ञ) समाजको तर्फबाट गर्नुपर्ने काम गर्ने र उत्तरदायित्व बहन गर्ने ।

(ट) यस विधानमा लेखिएका अन्य कार्यहरु गर्ने ।



(ठ) केन्द्रीय कार्यसमितिले आफ्ना केही अधिकार कुनै पदाधिकारी वा सदस्यलाई सुम्पन सक्नेछ ।

(ड) केन्द्रीय कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा सहवरणद्वारा पदपूर्ति गर्ने ।

१८. **केन्द्रीय कार्यसमितिको कार्यावधि** : केन्द्रीय कार्यसमितिको कार्यावधि ३ वर्षको हुनेछ ।

१९. **केन्द्रीय कार्यसमितिको बैठक :**

(क) केन्द्रीय कार्यसमितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) केन्द्रीय कार्यसमितिको बैठक अध्यक्षको निर्देशानुसार महासचिवले बोलाउनेछन् ।

(ग) केन्द्रीय कार्यसमितिको बैठक कम्तीमा वर्षको ६ पटक बस्नेछ ।

(घ) केन्द्रीय कार्यसमितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा उपस्थित पदाधिकारी र सदस्यहरु मध्येबाट सहमतिमा एकजनाले बैठकको अध्यक्षता गर्नेछन् ।

(ङ) केन्द्रीय कार्यसमितिको बैठकको गणपूरक संख्या कुल सदस्य संख्याको बहुमत हुनेछ ।

(च) उपस्थित सदस्य संख्याको बहुमतको निर्णय केन्द्रीय कार्यसमितिको निर्णय हुनेछ ।

(छ) केन्द्रीय कार्यसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफै निर्धारण गर्नेछ ।

## परिच्छेद – ८
# पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

२०. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) समाजको नेतृत्व प्रदान गर्ने ।

(ख) साधारणसभा र केन्द्रीय कार्यसमितिको अध्यक्षता गर्ने र कुनै विषयमा मत बराबर भएमा निर्णायक मत दिने ।

(ग) साधारणसभा र केन्द्रीय कार्यसमितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) समाजको दैनिक कार्य सम्पादनमा निर्देशन, नियन्त्रण, रेखदेख र नेतृत्व गर्ने ।

(ङ) समाजका तर्फबाट सम्झौता, सम्पर्क इत्यादिमा समाजको प्रतिनिधित्व गर्ने ।

(च) समाजको विधानमा लेखिएका अन्य काम गर्ने ।

(छ) अध्यक्षले आफ्ना केही अधिकार उपाध्यक्ष वा अन्य पदाधिकारीलाई निश्चित समयका लागि प्रत्यायोजन गर्न सक्नेछन् ।

२१. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षलाई सघाउने ।

(ख) अध्यक्षको अनुपस्थितिमा साधारणसभा, केन्द्रीय कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।

(ग) अध्यक्षले आफ्नो काम गर्न असमर्थ भएमा वा अध्यक्षको पद रिक्त रहेमा निजले गर्नुपर्ने सबै काम गर्ने ।

(घ) अध्यक्षले प्रत्यायोजन गरेको अधिकार प्रयोग गर्ने ।

(ङ) यस विधानमा लेखिएको अन्य काम गर्ने ।

२२. **महासचिवको काम, कर्तव्य र अधिकार** : महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षको निर्देशानुसार केन्द्रीय कार्यसमितिको बैठक र साधारणसभा बोलाउने ।

(ख) केन्द्रीय कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) समाजको कार्यालय संचालन तथा व्यवस्थापन गर्ने ।

(घ) अध्यक्षसँग परामर्श गरी समाजको वार्षिक कार्यक्रम तथा प्रतिवेदन तयार गर्ने ।

(ङ) साधारणसभा र केन्द्रीय कार्यसमितिले गरेका निर्णयहरुको अभिलेख राख्ने ।

(च) समाजको तर्फबाट पत्राचार गर्ने ।

(छ) समाजको कागजपत्रहरुको अभिलेख राख्ने ।

(ज) समाजलाई सक्रिय बनाउन अध्यक्षसँग परामर्श गरी आवश्यक सबै काम गर्ने ।

२३. **सचिवको काम, कर्तव्य र अधिकार** : सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) महासचिवलाई सघाउने ।

(ख) महासचिवले आफ्नो काम गर्न असमर्थ भएमा वा महासचिवको पद रिक्त भएमा निजले गर्ने सबै काम गर्ने ।

(ग) यस विधानमा लेखिएका अन्य काम गर्ने ।

२४. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** : कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :



(क) समाजको कोष तथा सम्पत्तिको जिम्मा लिने ।

(ख) समाजको आर्थिक स्थिति सुदृढ बनाउन सक्रिय रहने ।

(ग) आय-व्ययको हिसाब दुरुस्त राख्ने, शुल्कहरु उठाउने ।

(घ) आय-व्ययको प्रतिवेदन केन्द्रीय कार्यसमिति मार्फत् साधारणसभामा पेश गर्ने ।

(ङ) समाजको आय-व्ययको लेखा परीक्षण गराउने ।

(च) समाजको कोष तथा लेखा सम्बन्धी सबै उत्तरदायित्व बहन गर्ने ।

२५. **पद रिक्त हुने अवस्था र सहवरण** :

(क) केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यको पद देहायको अवस्थामा रिक्त रहेको मानिनेछ :

१. पदबाट निजले दिएको राजीनामा स्वीकृत भएमा ।

२. विधानको धारा ९ बमोजिम सदस्यता समाप्त भएमा ।

३. अविश्वासको प्रस्ताव पारित भएमा ।

४. कारण सहितको सूचना नदिई लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित रहेमा ।

(ख) केन्द्रीय कार्यसमितिको कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुन आएमा केन्द्रीय कार्यसमितिले आफूमध्येबाट पदाधिकारीको र साधारण सदस्यहरुबाट सदस्यको पद सहवरणद्वारा परिपूर्ति गर्न सक्नेछ ।

## परिच्छेद – ९
## समाजको कोष

२६. **समाजको कोष** :

(क) समाजको उद्देश्य परिपूर्ति गर्न, कार्यक्रम संचालन गर्न र दैनिक कार्य सम्पादन गर्न समाजको आफ्नो एक कोष रहनेछ ।

(ख) समाजको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :

१. समाजका सदस्यहरुबाट प्राप्त हुने सहयोग शुल्क ।

२. सम्बन्धित निकायको पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने सहयोग रकम ।

३. चन्दा वा अनुदानबाट प्राप्त नगद वा जिन्सी ।

४. समाजको प्रकाशन र क्रियाकलापबाट प्राप्त रकम ।

२७. **कोषको संचालन** : समाजको कोषको बैंक खाताको संचालन अध्यक्ष, महासचिव मध्ये एक र कोषाध्यक्ष (अनिवार्य) कुनै दुई जनाको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

२८. **लेखा परीक्षण** : समाजको आय-व्ययको प्रत्येक वर्ष लेखा परीक्षण गराइनेछ । लेखा परीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ ।

### परिच्छेद – १०
## शाखा

२९. **समाजको शाखा :**

(क) केन्द्रीय कार्यसमितिको स्वीकृति लिई यस समाजका सदस्यहरुले राष्ट्रको कुनै स्थानमा शाखा खोल्न सक्नेछन् ।

(ख) शाखा गठन गर्न कम्तीमा ११ जना सदस्य हुनुपर्नेछ ।

३०. **शाखाको साधारणसभा :**

(क) सम्बन्धित शाखाका सबै सदस्यहरु शाखाको साधारण सभाका सदस्य हुनेछन् ।

(ख) सामान्यतया शाखाको साधारणसभा वर्षको एकपटक बस्नेछ ।

३१. **शाखाका साधारणसभाको सूचना तथा गणपूरक संख्या :**

(क) शाखा कार्यसमितिले शाखाको साधारणसभा हुने स्थान र मिति उल्लेख गरी १५ दिन अगावै सदस्यहरुलाई सूचना पठाउनेछ ।

(ख) तत्काल कायम रहेको शाखाका कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

(ग) गणपूरक संख्या नपुगेमा कम्तीमा ५ दिनको म्याद दिई दोस्रो पटक बैठक बोलाइनेछ र दोस्रो पटकको बैठकमा जतिसुकै सदस्य उपस्थित भए पनि उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानी साधारणसभा बस्नेछ ।

(घ) शाखाका साधारणसभाका एक तृतीयांश सदस्यहरुले मनासीब कारण देखाई लिखित माग गरेमा ११ दिनको पूर्व सूचना दिई विशेष साधारणसभा बोलाउनु पर्नेछ ।

३२. **शाखाको साधारणसभाको काम, कर्तव्य र अधिकार :**

(क) शाखा कार्यसमितिको गठन गर्ने ।

(ख) शाखा कार्यसमितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन, लेखा परीक्षण, प्रतिवेदन तथा बजेट उपर छलफल गर्ने, निर्णय गर्ने ।

(ग) लेखा परीक्षक नियुक्त गर्ने ।

(घ) शाखा कार्यसमितिले प्रस्तुत गरेका अन्य विषयहरुमा छलफल गरी निर्णय गर्ने ।

३३. **शाखा कार्यसमिति :**

(क) शाखामा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु सहित ९ जनासम्मको शाखा कार्यसमिति रहनेछ ।

(ख) शाखा कार्यसमितिको कार्यावधि ३ वर्षको हुनेछ ।

(ग) शाखा कार्यसमितिको बैठक अध्यक्षको निर्देशनानुसार सचिवले साधारणतया दुई महिनामा एकपटक बोलाउनु पर्नेछ ।



(घ) शाखा कार्यसमितिको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

३४. **शाखा कार्यसमितिको काम, कर्तव्य र अधिकार** : शाखा कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) शाखामा समाजको उद्देश्य अनुरुप कामहरु गर्ने गराउने ।

(ख) केन्द्रीय कार्यसमिति तथा शाखाको साधारणसभाद्वारा दिइएको निर्देशन पालन गर्ने ।

(ग) शाखाको साधारणसभामा वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, बजेट पेश गर्ने र सो पारित भएपछि केन्द्रीय कार्यसमितिमा जानकारी गराउने ।

(घ) स्थानीय रुपमा विशिष्ट व्यक्तिहरु, अन्य सामाजिक संस्थाहरुसँग सम्बन्ध राख्ने, सहयोग आदान-प्रदान गर्ने ।

३५. **शाखा कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** : आफ्नो कार्यक्षेत्रमा सीमित रहने गरी शाखाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार केन्द्रीय कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार अनुरुप हुनेछ ।

३६. **शाखाको कोष** : शाखाको कोषमा देहाय बमोजिमको कोष रहनेछ :

(क) सदस्यहरुबाट प्राप्त हुने शुल्क ।

(ख) शाखाका सदस्यहरूवाट प्राप्त हुने सदस्यता शुल्क र नवीकरण शुल्कको आधा रकम केन्द्रीय कार्यालयमा बुझाउँनु पर्नेछ र बाँकी रकम शाखामा रहनेछ ।

(ग) समाजको अन्य क्रियाकलापबाट प्राप्त हुने रकम ।

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

३७. **शाखाको कोषको संचालन** : शाखाको कोषको बैंक खाताको संचालन शाखाको अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कुनै दुईजनाको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

### परिच्छेद – ११
## विधान संशोधन र व्याख्या

३८. **विधान संशोधन :**

(क) यस विधानमा संशोधन गर्नुपर्ने भएमा केन्द्रीय कार्यसमितिले संशोधन मस्यौदा साधारणसभामा पेश गर्नुपर्नेछ ।

(ख) कुनै सदस्यले (वा शाखाले) विधानमा संशोधन गर्नुपर्ने आवश्यक ठानेमा साधारणसभा बस्नु भन्दा कम्तीमा १५ दिन अगावै सुझाव सहितको प्रस्ताव केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ र केन्द्रीय कार्यसमितिले सो सुझाव उपयुक्त ठहराएमा उपधारा (क) बमोजिम साधारणसभामा प्रस्ताव पेश गर्नेछ ।

(ग) साधारणसभाको कूल सदस्य संख्याको दुई तिहाईद्वारा विधान संशोधन हुन सक्नेछ र स्थानीय अधिकारीको स्वीकृति लिई लागू गरिनेछ ।

३९. **विधानको व्याख्या** : यस विधानको व्याख्यामा दुविधा भएमा केन्द्रीय कार्यसमितिले साधारणसभाबाट अनुमोदन गराउने गरी गरेको व्याख्या मान्य हुनेछ ।

### परिच्छेद – १२
## विविध

४०. **नियम बनाउने अधिकार** :

(क) समाजको उद्देश्य कार्यान्वयन गर्नका लागि यस विधानको अधीनमा रही केन्द्रीय कार्यसमितिले साधारणसभाको स्वीकृति लिई नियम र आचारसंहिता बनाउन सक्नेछ र लागू गर्न सक्नेछ ।

(ख) नियम नबनेसम्म केन्द्रीय कार्यसमितिको निर्णयद्वारा कार्य संचालन गरिनेछ ।

४१. **निष्क्रियता** : यो विधान र यस अन्तर्गत बनेका नियम प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म निष्क्रिय हुनेछ ।

४२. **बाधा अड्काउ फुकाउने अधिकार** : यो विधान कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिमा हुनेछ । तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय पछि हुने साधारण सभा समक्ष राखिनेछ ।

४३. **तदर्थ व्यवस्था** :

(क) यस विधान बमोजिम साधारणसभाद्वारा केन्द्रीय कार्यसमितिको गठन नभए सम्मका लागि यो संस्था स्थापना गर्ने समयमा गठित केन्द्रीय कार्यसमितिले तदर्थ रुपमा काम गर्नेछ ।

(ख) यो विधान लागू भएको मितिले एक वर्षभित्र साधारणसभा बोलाउनु पर्नेछ ।

४४. **बचाऊ** : यो समाज दर्ता हुनु अगाडि समाजको नामबाट गरेका कार्यहरु र गठित केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमितिका पदाधिकारी सबै सदस्यहरु यसै विधानअनुसार भए गरे सरह मानिनेछ ।

४५. **समाजको विघटन** : कुनै कारणवश समाज विघटन भएमा समाजको सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।



### अनुसूची – १
## छाप



अनुसूची – २

## नेपाल ज्येष्ठ प्राध्यापक समाज

*(समाजको विधान २०६६ को दफा ७ (क) र (ख) को प्रयोजनका लागि व्यक्तिगत विवरण)*

**फोटो**

श्रीमान् अध्यक्षज्यू
नेपाल ज्येष्ठ प्राध्यापक समाज

यस समाजको विधान-२०६६ को प्रस्तावनाको भावना अनुरुप यस समाजको उद्देश्यहरु परिपूर्तिका लागि गरिने क्रियाकलापहरुमा सदस्यको रुपमा भाग लिन पाउनका लागि निम्नलिखित विवरणहरु सहित यो निवेदन प्रस्तुत गरेको छु :

१. नाम : २. जन्ममिति :

३. ठेगाना : (क) स्थायी : फोन : फ्याक्स, इमेल :

(ख) अस्थायी : फोन : फ्याक्स, इमेल :

४. शैक्षिक योग्यता : (क) पति/पत्नीको नाम :

५. काम गरेको विवरण : (ख) छोरा/छोरीहरुको नाम :

६. पेशागत विशिष्टता : (ग) कार्य प्रारम्भ गरेको मिति :

७. अभिरुचिका क्षेत्रहरु : (घ) निवृत्तिभरण पाएको मिति :

८. अन्य

मितिः हस्ताक्षर

---

(केन्द्रीय कार्यालयको प्रयोजनका लागि)

श्री ........................................................ ले मिति ......................... मा नेपाल ज्येष्ठ प्राध्यापक समाज को सदस्यताका लागि निवेदन दिनु भएकोमा/ र ................ शाखाबाट सदस्यता प्रदान गर्न सिफारिश भएकोमा केन्द्रीय कार्यसमितिको मिति ............................ को निर्णय अनुसार/अनुमोदन अनुसार निज श्री ............................................. लाई नेपाल ज्येष्ठ प्राध्यापक समाज को सदस्यता प्रदान गरिएको छ ।

................. ................
महासचिव अध्यक्ष



# प्रतिवेदनहरु

## नेपाल ज्येष्ठ प्राध्यापक समाज

Nepal Senior Professors' Society

**दोस्रो साधारण सभा (२०६८ चैत्र ११)**

**महासचिवद्वारा प्रस्तुत प्रतिवेदन**

श्री अध्यक्षज्यू,
तथा ज्येष्ठ प्राध्यापक साथीहरु !

नेपाल ज्येष्ठ प्राध्यापक समाजको दोस्रो साधारण सभा (राष्ट्रिय अधिवेशन) मा यहाँहरुलाई स्वागत गर्न पाउँदा र यहाँहरुको गरिमामय उपस्थितिमा यस समाजको महासचिवको रूपमा प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गर्दछु ।

राष्ट्रियताको संरक्षण, राष्ट्रिय एकताको सम्वर्द्धन र राष्ट्रिय सम्मानको अभिवृद्धिमा क्रियाशील हुन, राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन सक्रिय रहन, आधारभूत मौलिक हकको निर्बाध प्रयोग गर्न गराउन अग्रसर हुन र ज्येष्ठ प्राध्यापकहरुको हक हितको संरक्षण र सम्वर्द्धनका लागि प्रयत्नशील रहन एउटा संगठित संस्था स्थापना गर्न आवश्यक सम्झी आज भन्दा २ वर्ष अघि २०६६ साल आश्विन १ गते विहिबारका दिन २० जना ज्येष्ठ प्राध्यापकहरु उपस्थित भेलाले अझ बढी ज्येष्ठ प्राध्यापकहरुको उपस्थिति गराउन एउटा ५ सदस्यीय 'भेला आयोजक समिति' गठन गऱ्यो । श्री वसन्तकुमार गौतम संयोजक रहनु भएको सो समितिका सदस्यहरुमा श्री वसन्तलाल श्रेष्ठ, श्री सत्यनारायण श्रेष्ठ, डा. रामवृक्ष साहु र डा. हरिदत्त लेखक रहनु भयो । सो समितिको २०६६ कार्तिक २० गते शुक्रबारका दिन बसेको बैठकले निर्णय गरे अनुसार २०६६ साल कार्तिक २८ गते ज्येष्ठ प्राध्यापकहरुको वृहत भेला आयोजना गरियो । कार्तिक २८ गतेको भेलाले संगठित संस्थाको नाम 'ज्येष्ठ प्राध्यापक समाज नेपाल' प्रस्तावित गरी 'भेला आयोजक समिति' लाई नै 'ज्येष्ठ प्राध्यापक समाज नेपाल' को तदर्थ समितिको रूपमा काम गर्ने जिम्मेवारी दिने तथा आवश्यक सदस्यहरु थप गरी तदर्थ समितिलाई पूर्णता दिने, तदर्थ समितिलाई विधान मस्यौदा गर्ने जिम्मेवारी दिने र आगामी २०६६ चैत्र मसान्त भित्र समाजको विधान मस्यौदा तयार गरी साधारण सभा बोलाउने जिम्मेवारी प्रदान गऱ्यो । तदर्थ समितिले तत्काल आफ्नो कार्य प्रारम्भ गऱ्यो र २०६६ पुष ३० गते बैठक बसी प्रस्तावित विधानको मस्यौदा बारे प्रारम्भिक छलफल गऱ्यो । २०६६ फागुन २४ गतेको बैठकले तदर्थ समितिले तयार गरेको विधानको प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिई २०६६ चैत्र २७-२८ मा प्रथम साधारण सभा बस्न र सो का लागि पुनः ज्येष्ठ प्राध्यापकहरूको सर-सल्लाह र सुझाव लिन २०६६ चैत्र ६ गते भेला आयोजना गर्ने निर्णय गऱ्यो । २०६६ चैत्र ६ गतेको भेलाले प्रथम

साधारण सभा २०६६ चैत्र २८ गते शनिबार बोलाउने निर्णय गऱ्यो । २०६६ चैत्र २८ गते बसेको नेपाल ज्येष्ठ प्राध्यापक समाजको प्रथम साधारण सभा (राष्ट्रिय अधिवेशन) ले यस समाजको विधान पारित गर्दै केन्द्रीय कार्यसमिति गठन गऱ्यो र सोही केन्द्रीय कार्यसमितिलाई नियमानुसार समाजको विधान दर्ता गराउने निर्देशन र जिम्मेवारी प्रदान गऱ्यो । प्रथम साधारणसभाबाट गठित यस समाजको केन्द्रीय कार्यसमिति देहाय बमोजिम रहेको छ । अध्यक्ष- श्री वसन्तकुमार गौतम, उपाध्यक्ष- श्री वसन्तलाल श्रेष्ठ, महासचिव-डा. रामवृक्ष साहु, सचिव-श्री तिर्थानन्द वैद्य, कोषाध्यक्ष-डा. श्रीमती जमलदेवी मानन्धर (श्रेष्ठ) र सदस्यहरु- डा. हरिदत्त लेखक, श्री सत्यनारायण श्रेष्ठ, श्री जनार्दन मण्डल, डा.अन्जीरमान प्रधान, डा. ऋषिकेशवराज रेग्मी, डा. गोविन्द मल्ल र श्री विष्णुराज पाण्डेय ।

यस समाजको साधारण सभा पश्चात २०६६ चैत्र ३१ गतेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णय अनुरुप २०६७ वैशाख २० गतेका दिन त्रिभुवन विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष सित भेटघाट गरी यस समाजको उद्देश्य, कार्यक्रम र गतिविधि बारे जानकारी गराइयो । २०६७ जेठ ५ गतेको बैठकको निर्णय अनुसार २०६७ जेठ २१ गते त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रार सित संयुक्त रूपमा भेटघाट गरी समाजको तर्फबाट अनुरोध पत्र प्रस्तुत गरियो । २०६७ आश्विन २० गते र पुष १५ गतेको बैठकबाट यस समाजलाई दर्ता गराउन देखिएका प्रक्रियागत कठिनाईहरु हटाउँदै २०६८ वैशाख १२ गतेका दिन यस समाजलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता गरिएको छ र यसको दर्ता नम्वर १०२९/०६७-०६८ रहेको छ । २०६८ बैशाख १६ गतेको बैठकबाट आगामी बैठकबाट केन्द्रीय कार्यसमितिमा सदस्य थप गर्न गृहकार्य गर्ने निर्णय अनुरुप २०६८ वैशाख २५ गतेको निर्णय अनुसार डा. देवेन्द्रराज मिश्र र डा. पराशर कोइरालालाई समाजको केन्द्रीय कार्यसमितिको सदस्यमा मनोनित गरी केन्द्रीय कार्यसमितिलाई १४ सदस्यीय बनाइएको छ । २०६८ भाद्र ८ गतेको बैठकको निर्णय अनुसार, विजया दशमी, दिपावली, नेपाल सम्वत् छठ र ईद पश्चात मात्र साधारण सभा गर्न उपयुक्त हुने भएकोले सोही अनुसार गर्ने निर्णय गरियो । २०६८ कार्त्तिक २१ गतेको बैठकबाट आगामी बैठकमा साधारण सभाको मिति तोक्ने निर्णय गरियो । २०६८ मंसिर १८ गतेको बैठकबाट २०६८ पुष २ गते शनिबार दोस्रो साधारण सभा बस्ने निर्णय गरियो र सो को जानकारी ज्येष्ठ प्राध्यापक साथीहरुलाई गराइयो । तर पुष २ गते विहानदेखि काठमाडौंमा अप्रत्याशित रूपमा सार्वजनिक र निजी लगायत सबै प्रकारका वाहनहरु चल्न नसक्ने परिस्थिति सृजना भयो र न्यून संख्यामा ज्येष्ठ प्राध्यापक साथीहरुको उपस्थिति भएकोले सो दिनको साधारण सभा स्थगित गरियो । २०६८ मंसिर २३ गते त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसित भेट गरी समाजको तर्फबाट एक अनुरोध पत्र प्रदान गरिएको छ । २०६८ माघ ५ गतेको बैठकबाट



२०६८ पुष २ गते स्थगित गरिएको दोस्रो साधारण सभा २०६८ चैत्र महिनाभित्र सम्पन गर्ने निर्णय गरियो । २०६८ फागुन १२ गतेको बैठकले २०६८ चैत्र ११ गते दोस्रो साधारण सभा बस्ने निर्णय गरे अनुसार आज यो दोस्रो साधारण सभा बस्दैछ । यो समाज स्थापना भए पश्चात प्राध्यापक श्री वीरेन्द्र शर्माले कार्यालयका लागि बागबाजरमा कोठा उपल्ब्ध गराई सहयोग गर्नु भएकोमा यस समाजको तर्फबाट उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस समाजको कार्यालयका लागि अब अर्को व्यवस्था गर्नु पर्ने भएको छ । यस समाजसित सम्पर्क गर्न सजिलो होस् भनेर यस समाजको आफ्नै छुट्टै इमेल ठेगाना तयार भएको छ । यस समाजको इमेल ठेगाना seniorprofessor@gmail.com रहेको छ । यस समाजको विधान बमोजिम समाजको हर हिसाव जाँच गर्न लेखा परिक्षक नियुक्त गर्नु पर्ने भएकाले यस साधारण सभाबाट लेखा परिक्षक नियुक्ति हुनका लागि अनुरोध गर्दछु ।

अध्यक्षज्यू तथा विद्वान् ज्येष्ठ प्राध्यापक मित्रहरु,

यस समाजले यस समाजका सदस्यहरुको सर-सल्लाह, सुझाव, सहयोग र समर्थन अनुसार नै आगामी दिनहरुमा पनि कार्यक्रमहरू संचालन गर्ने भएकोले सदस्य ज्येष्ठ प्राध्यापक साथीहरुलाइ आ-आफ्नो राय जाहेर गरी सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

डा. रामवृक्ष साहु

महासचिव

**नेपाल ज्येष्ठ प्राध्यापक समाज**

Nepal Senior Professors' Society

**दोस्रो साधारण सभा(चैत ११ २०६८,शानिवार)**

**कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन**

**श्री अध्यक्षज्यू**

**तथा ज्येष्ठ प्राध्यापक साथीहरु**

नेपाल ज्येष्ठ प्राध्यापक समाजको दोस्रो साधारण सभा (राष्ट्रिय अधिवेशन) मा सर्वप्रथम यहाँहरुलाई स्वागत गर्दछु र यो समाज स्थापना भएदेखि २०६८ फाल्गुन ३० गते सम्मको आय-व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस समाजको हाल आयको श्रोत सीमित रहेकोले मितव्ययिताको सिद्धान्त अनुसार खर्च कम गर्ने गरेका छौं । यो समाज स्थापना भए पश्चात कार्यालय संचालन गर्न प्राध्यापक श्री वीरन्द्र शर्माले कार्यालय कक्ष उपलब्ध गराई सहयोग गर्नु भएकोले यस समाजलाई भाडाबाट राहत प्राप्त भएको छ । तदर्थ समिति र केन्द्रीय कार्यसमितिको बैठक हुँदाको चिया खर्च, मसलन्द खर्च, टेलिफोन फ्याक्स, मुद्रण इत्यादिको व्यय भार पनि प्राध्यापक साथीहरुले वेहोर्नु भएकोले अहिलेसम्म व्ययको रकम न्यून रहेको छ । मैले प्रस्तुत गर्न लागेको आय-व्ययको विवरण एउटा टिपोट मात्र हो । यस

साधारण सभाबाट लेखा परीक्षकको नियुक्ति भएर लेखा परीक्षकले हर हिसाव जाँच गरेपछिको विवरण आगामी साधारण सभामा प्रस्तुत गर्नेछु ।

| | | |
|---|---|---|
| आर्यतर्फ | २०६८ फाल्गुन ३० गतेसम्म सदस्यहरुबाट प्राप्त शुल्क र सहयोग रकम | रू.६९,२०० ।- |
| व्यय तर्फ | २०६८ फाल्गुन ३० गतेसम्मको व्यय | रू.६,६१७ ।- |
| यस समाजको कोषमा | २०६८ फाल्गुन ३० गते रहेको रकम | रू.६२,५८३ ।- |

यस साधारण सभा पश्चात् यस कोषको रकम बैंक खाताद्वारा संचालन गरिने जानकारी समेत गराउन चाहन्छु ।

श्री अध्यक्षज्यू तथा ज्येष्ठ साथीहरु

आगामी दिनहरुमा यस समाजको कोष अभिवृद्धि गर्ने सन्दर्भमा प्राप्त महत्वपूर्ण सुझावहरु हाम्रा मार्गदर्शनका रूपमा रहनेछन् ।

धन्यवाद

डा. श्रीमती जमलदेवी मानन्धर (श्रेष्ठ)

**कोषाध्यक्ष**

## नेपाल ज्येष्ठ प्राध्यापक समाज

Nepal Senior Professors' Society

**तेस्रो साधारण सभा (२०७० असार १)**

**महासचिवद्वारा प्रस्तुत प्रतिवेदन**

श्री श्रद्धेय अध्यक्षज्यू,

तथा आदरणीय ज्येष्ठ प्राध्यापक साथीहरु !

नेपाल ज्येष्ठ प्राध्यापक समाजको तेस्रो साधारण सभा (राष्ट्रिय अधिवेशन) मा यहाँहरुलाई स्वागत अभिवादन गर्न पाउँदा र यहाँहरुको गरिमामय उपस्थितिमा यस समाजको महासचिवको रूपमा प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।

राष्ट्रियताको संरक्षण, राष्ट्रिय एकताको सम्वर्द्धन र राष्ट्रिय सम्मानको अभिवृद्धिमा क्रियाशील हुन, राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन सक्रिय रहन, आधारभूत मौलिक हकको निर्वाध प्रयोग गर्न गराउन अग्रसर हुन र ज्येष्ठ प्राध्यापकहरुको हक हितको संरक्ष र सम्वर्द्धनका लागि प्रयत्नशील रहन एउटा संगठित संस्था स्थापना गर्न आवश्यक सम्झी २०६६ साल आश्विन १ गते बिहबिारका दिन २० जना ज्येष्ठ प्राध्यापकहरु उपस्थित भेलाले ५ सदस्यीय 'भेला आयोजक समिति' गठन गरी प्रारम्भ भएको यात्रा २०६६ कार्तिक २८ गतेको ज्येष्ठ प्राध्यापकहरुको वृहत भेलाबाट संगठित 'ज्येष्ठ प्राध्यापक समाज नेपाल' को तदर्थ समिति हुँदै २०६६ चैत्र २८ गते सम्पन ज्येष्ठ प्राध्यापकहरुको प्रथम साधारण सभा (



राष्ट्रिय अधिवेशन) बाट 'नेपाल ज्येष्ठ प्राध्यापक समाज' को केन्द्रीय कार्यसमितिको गठन सम्म आई पुग्यो । प्रथम केन्द्रयि कार्यसमितिले २०६८ वैशाख १२ गते यस समाजलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता गराए पछि २०६८ चैत्र ११ गते यस समाजको दोस्रो साधारण सभा सम्पन्न भयो र २०७० वैशाख २५ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले २०७० असार १ गते तेस्रो साधारण सभा बस्ने निर्णय गरे अनुसार आज यो तेस्रो साधारण सभा बस्दैछ ।

श्रद्धेय अध्यक्षज्यू तथा आदरणीय ज्येष्ठ प्राध्यापक साथीहरु !

विगतका दिनहरुमा राजनीतिक, आर्थिक सामाजिक र उच्च शिक्षाको क्षेत्रमा मुलुकमा देखा परेका असहज परिस्थितिका कारण यस ज्येष्ठ प्राध्यापक समाजको कार्यक्रम र गतिविधिहरु पनि प्रभावित हुन पुगेकाले अपेक्ष गरे अनुरूपको प्रगति न देखिनु पनि स्वाभाविक हो । तथापि समाजको केन्द्रीय कार्यसमितिको बैठकहरुमा यस समाजको उद्देश्य अनुरुपका कार्यक्रमहरु संचालन गर्ने बारे गहन छलफलहरु भएका छन् । २०७० जेठ ३ गते त्रिभुवन विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्षसित संयुक्त रूपमा भेटी यस समाजको तर्फबाट एक अनुरोध पत्र प्रस्तुत गरिएको छ । यस समाजको केन्द्रीय कार्यालय संचालन गर्न एक कोठा उपलब्ध गराई दिनु हुन र ज्येष्ठ प्राध्यापकहरुको परिचय खुल्ने गरी परिचय पत्रको व्यवस्था मिलाउनु हुन सो अनुरोध पत्र मार्फत् अनुरोध गरिएकोमा त्रिभुवन विश्वविद्यालयबाट सकारात्मक पहल भएको र शीघ्र यस बारे हामीलाई जानकारी गराउने आश्वासन प्राप्त भएको छ । साथै यस अघि प्रस्तुत गरिएका अनुरोध पत्रहरुबारे पनि त्रिभुवन विश्वविद्यालयको दृष्टिकोण सकारात्मक रहेको जानकारी गराइएको छ ।

यस समाजको दोस्रो साधारण सभा पश्चात् समाजको केन्द्रीय कार्यसमितिको बैठकका लागि त्रिचन्द्र क्याम्पस, भौतिक शास्त्र विभागबाट प्राप्त सहयोगका लागि सधन्यवाद त्रिचन्द्र क्याम्पस परिवारप्रति यस समाजको तर्फबाट आभार प्रकट गर्दछु ।

श्रद्धेय अध्यक्षज्यू तथा विद्वान ज्येष्ठ प्राध्यापक साथीहरु !

यस तेस्रो साधारण सभाबाट आगामी कार्यकालका लागि यस समाजको विधान अनुसार केन्द्रीय कार्यसमितिको निर्वाचन हुने कार्यक्रम रहेको यहाँहरुलाई अवगत नै छ । विद्यमान केन्द्रीय कार्यसमितिलाई यस समाजका सदस्यहरुबाट प्राप्त सहयोग र समर्थनका लागि केन्द्रीय कार्यसमिति आभार प्रकट गर्दछ । साथै, यस समाजले विद्वान सदस्य साथीहरुको सर-सल्लाह, सुझाव, सहयोग र समर्थन अनुसार नै आगामी कार्यक्रमहरु संचालन गर्ने भएकाले सदस्य ज्येष्ठ प्राध्यापक साथीहरुलाई आ-आफ्नो राय जाहेर गरी सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

डा. रामवृक्ष साहु

महासचिव

## नेपाल ज्येष्ठ प्राध्यापक समाज

Nepal Senior Professors' Society

**तेस्रो साधारण सभा (२०७० असार १)**

**कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन**

श्री अध्यक्षज्यू,
तथा आदरणीय ज्येष्ठ प्राध्यापक साथीहरु !

नेपाल ज्येष्ठ प्राध्यापक समाजको यस तेस्रो साधारण सभा (राष्ट्रिय अधिवेशन) मा सर्वप्रथम यहाँहरुलाई स्वागत अभिवादन गर्दछु र दोस्रो साधारण सभा सम्पन्न भएदेखि २०६९ चैत्र ३१ गतेसम्मको आय-व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस समाजको हाल आयको स्रोत सदस्यहरुबाट प्राप्त शुल्क र सहयोग रकम मात्र रहेको छ । आयको स्रोत कम रहेकोले मितव्ययिताको सिद्धान्त अनुसार खर्च कम गर्ने गरिएको छ । यस समाजको दोस्रो साधारण सभा र तत्पश्चात केन्द्रीय कार्यसमितिको बैठकका लागि त्रिचन्द्र क्याम्पस, भौतिक शास्त्र विभागबाट बैठक कक्ष र अन्य सहयोग उपलब्ध भएकोले पनि अहिलेसम्मको व्ययको रकम न्यून रहेको छ । यस समाजको २०६९ चैत्र ३१ गते सम्मको आय-व्ययको विवरण यस प्रकार रहेको छ ।

**आय तर्फः**

| | | |
|---|---|---|
| क) | २०६८ फागुन ३० गते कोषमा रहेको रकम | रु. ६२,५८३/- |
| ख) | २०६९ चैत्र ३१ गते सम्म सदस्यहरुबाट प्राप्त शुल्क र सहयोग रकम | रु. १७,०००/- |
| ग) | कूल आय | ७९,५८३/- |

**व्यय तर्फ**

| | | |
|---|---|---|
| क) | २०६९ चैत्र ३१ गते सम्मको व्यय भएको रकम | रु. ३,७५१/- |
| | यस समाजको कोषमा २०६९ चैत्र ३१ गते रहेको रकम | रु. ७५,८३२/- |

श्री अध्यक्षज्यू तथा ज्येष्ठ प्राध्यापक साथीहरु !
आगामी दिनहरुमा यस समाजको कोष अभिवद्धि गर्ने सन्दर्भमा यहाँहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरु हाम्रा लागि मार्गदर्शनका रूपमा रहनेछन् ।
धन्यवाद !
डा.श्रीमती जमलदेवी मानन्धर (श्रेष्ठ)
कोषाध्यक्ष





## नेपाल ज्येष्ठ प्राध्यापक समाज

Nepal Senior Professors' Society

मितिः जेष्ठ २१, २०६७

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाडौं ।

विषयः अनुरोध पत्र प्रस्तुत गरेको ।

महोदय,

ज्येष्ठ प्राध्यापकहरुको सतत् प्रयासबाट नेपाल ज्येष्ठ प्राध्यापक समाज (Nepal Senior Professor Society) नामक संस्था स्थापना भएको सहर्ष जानकारी गराउन चाहन्छु । यस समाजले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरु संचालन गर्न प्रारम्भ गरेको सन्दर्भमा देहाय बमोजिमका बुँदाहरु तर्फ त्रि.वि.को ध्यानाकर्षण गर्दै सोही बमोजिमको व्यवस्था गर्न गराउन हार्दिक अनुरोध छ ।

१. राष्ट्रिय सम्मान र गौरव अभिवृद्धि गर्न, राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन तथा राष्ट्रको शैक्षिक प्राज्ञिक क्षेत्रको स्तरोन्नतिमा सक्रिय रहन ज्येष्ठ प्राध्यापकहरु प्रयत्नशील रहने गरेकोले ज्येष्ठ प्राध्यापकहरुको ज्ञान, सीप, क्षमता, दक्षता र अनुभवलाई त्रि.वि.ले सदुपयोग गर्न तत्परता देखाउन अनुरोध छ ।
२. ज्येष्ठ प्राध्यापकहरुको निवृतिभरण बारे वेलावखत भ्रमात्मक कुराहरुको संप्रेक्षण हुने गरेको हुँदा त्रि.वि. को आगामी बजेटमा निवृतिभरणको रकम छुट्टै शीर्षकमा समावेश गरी यस्ता अन्यौल समाप्त पार्न हार्दिक अनुरोध छ ।
३. ज्येष्ठ प्राध्यापकहरुको योगदानको सम्मान गर्दै उहाँहरुलाई त्रि.वि. अन्तर्गत्का अस्पताल, उपचार केन्द्रहरुमा स्वास्थयोपचारमा सहुलियतको व्यवस्था गर्न गराउन हार्दिक अनुरोध छ ।

साथै त्रि.वि को शैक्षिक प्राज्ञिक कार्यक्रमहरुमा ज्येष्ठ प्राध्यापकहरुको सधैंभरी सहयोगी भूमिका रहने पनि जानकारी गराउन चाहन्छु ।

धन्यवाद !

(वसन्त कुमार गौतम)
अध्यक्ष

**नेपाल ज्येष्ठ प्राध्यापक समाज**

Nepal Senior Professors' Society

मितिः मंसिर २३, २०६८

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाडौं ।

विषयः अनुरोध पत्र प्रस्तुत गरेको ।

महोदय,

नेपाल ज्येष्ठ प्राध्यापक समाज (Nepal Senior Professors' Society) नामक संस्था स्थापना भई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता समेत भएको (द.नं. १०२९ मिति ०६८-०१-१२) सहर्ष जानकारी गराउन चाहन्छु ।

यस समाजले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरु संचालन गर्न प्रारम्भ गरेको सन्दर्भमा देहाय बमोजिमका बुँदाहरु तर्फ त्रि.वि.को ध्यानाकर्षण गर्दै सोही बमोजिमको व्यवस्था गर्न गराउन हार्दिक अनुरोध छ ।

१. राष्ट्रिय सम्मान र गौरव अभिवृद्धि गर्न, राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन तथा राष्ट्रको शैक्षिक प्राज्ञिक क्षेत्रको स्तरोन्नतिमा सक्रिय रहन ज्येष्ठ प्राध्यापकहरु प्रयत्नशील रहने गरेकोले ज्येष्ठ प्राध्यापकहरुको ज्ञान, सीप, क्षमता र अनुभवलाई त्रि.वि. ले सदुपयोग गर्न तत्परता देखाउन अनुरोध छ ।
२. त्रि.वि. को आगामी बजेटमा ज्येष्ठ प्राध्यापकहरुको निवृत्तिभरणको रकम छुट्टै शीर्षकमा समावेश गर्ने व्यवस्था गर्न गराउनु हुन अनुरोध छ ।
३. जुन महिनाको निवृत्तिभरणको रकम प्राध्यापकहरुले पाउनु पर्ने हो, सोही महिनामा प्राध्यापकहरुलाई उपलब्ध गराउन अनुरोध छ ।
४. ज्येष्ठ प्राध्यापकहरुको योगदानको सम्मान गर्दै उहाँहरुलाई त्रि.वि. अन्तर्गतका अस्पताल, उपचार केन्द्रहरुमा स्वास्थ्योपचार सहुलियतको व्यवस्था गर्न गराउन हार्दिक अनुरोध छ ।
५. निवृत्तिभरण प्राप्त प्राध्यपकहरुको संचयकोषको रकम प्राध्यपकहरुलाई जुन मितिमा उपलब्ध गराइन्छ, सो मिति सम्मको नियमानुसारको व्याज समेत उपलब्ध गराउनु हुन अनुरोध छ ।

साथै, त्रि.वि. को शैक्षिक प्राज्ञिक कार्यक्रमहरुमा ज्येठ प्राध्यापकहरुको सधैं भरी सहयोगी भूमिका रहने पनि जानकारी गराउन चाहन्छु ।

धन्यवाद !

(वसन्तकुमार गौतम)
अध्यक्ष



**नेपाल ज्येष्ठ प्राध्यापक समाज**

Nepal Senior Professors' Society

मितिः चैत्र ६, २०६९

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाडौं ।

विषयः अनुरोध पत्र बारे ।

महोदय,

नेपाल ज्येष्ठ प्राध्यापक समाजको स्थापना भए पश्चात यस समाजले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरु संचालन गर्ने सन्दर्भमा श्री उपकुलपतिज्यू, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं समक्ष ज्येष्ठ २१, २०६७ र मंसिर २३, २०६८ मा अनुरोध पत्रहरु मार्फत् प्रस्तुत गरिएका विभिन्न बुँदाहरुमा त्रिभुवन विश्वविद्यालयले गरेको निर्णय/व्यवस्था बारे जानकारी पाउन तथा देहायका बुँदाहरु तर्फ सकारात्मक निर्णय गर्न अनुरोध छ ।

१. यस समाजको केन्द्रीय कार्यालय संचालन गर्न रत्नपार्कको सेरोफेरोमा रहेको त्रि.वि. अन्तर्गतका क्याम्पस/निकायहरुमध्ये एक स्थानमा एक कोठा उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
२. निवृत्तिभरण प्राप्त गरेका प्राध्यापकहरुको परिचय खुल्ने गरी परिचय पत्रको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

धन्यवाद !

(वसन्तकुमार गौतम)
अध्यक्ष

**नेपाल ज्येष्ठ प्राध्यापक समाज**

Nepal Senior Professors' Society

मितिः २०७१/११/४

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाडौं ।

विषयः अनुरोध पत्र बारे स्मरण गराएको ।

महोदय,

नेपाल ज्येष्ठ प्राध्यापक समाजले श्री उपकुलपतिज्यू, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं समक्ष जेष्ठ २१, २०६७, मंसिर २३, २०६८ र चैत्र ६, २०६९ मा अनुरोध पत्रहरु प्रस्तुत गरेको स्मरण गराउन चाहन्छु । ती अनुरोध पत्रहरुमा उल्लेखित विषयहरु प्रति त्रि.वि. का पदाधिकारहिरु सकारात्मक रहेको जानकारी प्राप्त भएपनि

त्रि.वि.ले गरेको निर्णय/व्यवस्था बारे हालसम्म कुनै जानकारी प्राप्त नभएकोले पुनः स्मरणार्थ यो अनुरोध पत्र प्रस्तुत गर्दै देहायका बुँदाहरु बारे सकारात्मक निर्णय गर्न अनुरोध छ ।

१. यस समाजको केन्द्रीय कार्यालय संचालन गर्न रत्नपार्कको सेरोफेरोमा रहेको त्रि.वि. अन्तर्गतका क्याम्पस/निकायहरुमध्ये एक स्थानमा एक कोठा उपलब्ध गराई सहयोग गर्नुहुन अनुरोध छ ।
२. निवृति भरण प्राप्त गरेका प्राध्यापकहरुको परिचय खुल्ने गरी परिचय पत्रको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।
३. ज्येष्ठ प्राध्यापकहरुको योगदानको सम्मान गर्दै उहाँहरुलाई त्रि.वि. अन्तर्गतका अस्पताल, उपचारकेन्द्रहरुमा स्वास्थ्योपचारमा सहुलियतको व्यवस्था गर्न गराउन हार्दिक अनुरोध छ ।
४. निवृत्तिभरण प्राप्त प्राध्यापकहरुको संचयकोषको रकम प्राध्यापकहरुलाई जुन मितिमा उपलब्ध गराइन्छ, सो मितिसम्मको नियममानुसार व्याजसमेत उपलब्ध गराउनु हुन अनुरोध छ ।
५. त्रि.वि.ले व्यवस्था गरे बमोजिम (नवृत्तिभरण परिचय पत्रको विशेष ध्यान दिनुपर्ने कुराहरुको बुँदा ५ मा उल्लेखित) निवृत्तिभरणको रकम उपलब्ध गराउनु हुन अनुरोध छ ।
६. राष्ट्रिय सम्मान र गौरव अभिवृद्धि गर्न, राष्ट्रिय समृद्धि र विकासमा सहयोग पुऱ्याउन तथा राष्ट्रको शैक्षिक प्राज्ञिक क्षेत्रको स्तरोन्नतिमा सक्रिय रहन ज्येष्ठ प्राध्यापकहरु प्रयत्नशील रहने गरेकोले ज्येष्ठ प्राध्यापकहरुको ज्ञान, सीप, क्षमता, दक्षता र अनुभवलाई त्रि.वि.ले सदुपयोग गर्न तत्परता देखाउन अनुरोध छ ।

साथै त्रि.वि.को शैक्षिक प्राज्ञिक कार्यक्रमहरुमा ज्येष्ठ प्राध्यापकहरुको सधैंभरी सहयोगी भूमिका रहने पनि जानकारी गराउन चाहन्छु ।

धन्यवाद !

(वसन्तकुमार गौतम)
अध्यक्ष

**नेपाल ज्येष्ठ प्राध्यापक समाज**

Nepal Senior Professors' Society

मितिः २०७२/१/१

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाडौं ।

विषयः अनुरोध पत्र बारे ।

महोदय,

नेपाल ज्येष्ठ प्राध्यापक समाजले श्री उपकुलपतिज्यू, त्रिभुवन विश्वविद्यालय समक्ष विभिन्न मितिमा अनुरोध पत्रहरु प्रस्तुत गरेको स्मरण गराउँदै देहायका बुँदाहरुबारे सकारात्मक निर्णय गर्न अनुरोध छ ।



१. यस समाजको केन्द्रीय कार्यालय संचालन गर्न रत्नपार्कको सेरोफेरोमा रहेको त्रि.वि. अन्तर्गका क्याम्पस/निकायहरुमध्ये एक स्थानमा एक कोठा उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
२. निवृत्तिभरण प्राप्त गरेका प्राध्यापकहरुको परिचय खुल्नेगरी परिचय पत्रको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।
३. निवृत्तिभरणको रकम बैंक खातामा जम्मा हुने गरी प्रदान गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

धन्यवाद !

(वसन्तकुमार गौतम)
अध्यक्ष

**नेपाल ज्येष्ठ प्राध्यापक समाज**

Nepal Senior Professors' Society

मितिः २०७२/१२/२४

श्री उपकुलपतिज्यू,
त्रिभुवन विश्वविद्यालय,
किर्तिपुर, काठमाडौं ।

विषयः अनुरोध पत्र बारे ।

महोदय,

नेपाल ज्येष्ठ प्राध्यापक समाजले श्री उपकुलपतिज्यू, त्रिभुवन विश्वविद्यालय समक्ष विगतमा विभिन्न मितिमा प्रस्तुत गरेका पत्रहरु यसै साथ संलग्न गरी पुनः प्रस्तुत गरेकोछु । ती अनुरोध पत्रहरुमा उल्लेखित विषयहरु प्रति त्रि.वि. का पदाधिकारीहरु सकारात्मक रहेकोले निर्णय गर्नु पर्ने विषयहरुमा यथाशिघ्र निर्णय गर्न आवश्यक व्यवस्था मिलाउनु हुन हार्दिक अनुरोध छ । साथै त्रि.वि को शैक्षिक प्राज्ञिक कार्यक्रमहरुमा यस समाज तथा ज्येष्ठ प्राध्यापकहरुको संधै भरी सहयोगी भूमिका रहने पनि जानकारी गराउन चाहन्छु ।

धन्यवाद !

(वसन्तकुमार गौतम)
अध्यक्ष

**प्राध्यापकहरुको नामावली**

**समाजको विभिन्न कार्यक्रम/क्रियाकलापमा सहभागी प्राध्यापकहरुको नामावली**

**(वर्णानुक्रमानुसार)**

| | |
|---|---|
| डा. अञ्जीरमान प्रधान | अम्बीर पाण्डे |
| अमरकान्त झा | अशोक कोइराला |
| आनन्दप्रकाश सिंह प्रधान | आनन्दप्रसाद प्रधान |
| उपेन्द्र प्रसाद कमल | डा. उमाकान्त सिलवाल |
| डा. ऋषिकेशवराज रेग्मी | कपिल श्रेष्ठ |
| डा. कमल कृष्ण जोशी | कमला मास्के |
| केदार गोविन्द अमात्य | केशव खतिवडा |
| डा. केशवानन्द गिरी | कोमलनाथ सुवेदी |
| डा. कृष्णचन्द्र श्रेष्ठ | कृष्ण प्रसाद पौडेल |
| डा. कृष्ण मानन्धर | डा. कृष्ण बहादुर थापा |
| कृष्णराम पालक | गीता शाह |
| डा. गुणनिधि शर्मा | गोविन्द प्रसाद उपाध्याय |
| डा. गोविन्द बहादुर खत्री | डा. गोविन्द मल्ल |
| डा. गोविन्दराम अग्रवाल | डा. गोपाल पोखरेल |
| गोपाल विक्रम भण्डारी | गोपाल शिवाकोटी |
| डा. चन्द्रप्रकाश शर्मा | चन्द्ररमण पराजुली |
| चन्द्रलाल जोशी | डा. चन्द्रलाल श्रेष्ठ |
| चित्र वहादुर गुरुङ | चैतन्य शर्मा |
| जगत बहादुर के.सी | जनार्दन मंडल |
| डा. जमल देवी मानन्धर श्रेष्ठ | जयकृष्ण श्रेष्ठ |
| जयश्री मल्ल अमात्य | जया शर्मा |
| जुजुज्ञानी रजित | डा. टेक बहादुर श्रेष्ठ |
| डम्वरवीर थापा | ताराकान्त झा |
| तिर्थानन्द वैद्य | तिलकमान श्रेष्ठ |
| डा. तीर्थ प्रसाद मिश्र | डा. तीर्थराज खनिया |
| तुलसी दिवस | डा. तुलसी प्रसाद पाठक |
| डा. तेज कुमार श्रेष्ठ | तोरण बहादुर कार्की |
| डा. दिलिप सुव्वा | डा. दिल्ली देवी शाक्य |
| दुर्गा देवी बस्नेत | डा. देवी प्रसाद सुवेदी |
| डा. देवेन्द्र राज मिश्र | धुवदेव राई |
| डा.नरेन्द्र बहादुर महर्जन | नवीनप्रकाश जङ्ग शाह |



| | |
|---|---|
| डा. नातीमैया मानन्धर शर्मा | निरञ्जन शर्मा |
| नीलकण्ठलाल श्रेष्ठ | नीलमणि ढुंगाना |
| डा. पराशर कोइराला | पुरुषरत्न बज्राचार्य |
| डा. पुरुषोत्तम बास्कोटा | पुष्प केशरी श्रेष्ठ |
| डा. पूर्णनाथ मिश्र | प्रकाशरत्न शाक्य |
| प्रतिभा शर्मा | डा. प्रदीप कुमार खड्का |
| प्रभा पराजुली | प्रेम प्रसाद थपलिया |
| डा. प्रेमराज पन्त | फणीन्द्रराज न्यौपाने |
| बद्रीनाथ श्रेष्ठ | बावुराम ढकाल |
| ब्रजकिशोर झा | डा. भगवान रत्न तुलाधर |
| डा. भद्रमान तुलाधर | भरत झा |
| भाइराजा रंजित | भुवन ढुंगाना |
| डा. भीमदेव भट्ट | भीष्मानन्द वैद्य |
| डा. भोगेन्द्र प्रसाद उपाध्याय | डा. मधुनिधि तिवारी |
| डा. मनोहर प्रसाद गुप्ता | डा. माधव प्रसाद शर्मा |
| डा. मंगलसिद्धि मानन्धर | यादव प्रसाद पन्त |
| रत्न शमशेर ज.ब.रा. | डा.रमेश पाण्डे |
| रमेश शाक्य | रमेश सिंह |
| राधिका मानन्धर | रामचन्द्र गौतम |
| रामदेव मानन्धर | रामप्रसाद भट्टराई |
| डा.रामदेव सिंह | डा. राम वहादुर खड्का |
| डा. राममान श्रेष्ठ | डा. रामवृक्ष साहु |
| डा. रामावतार यादव | राजेन्द्र प्रसाद चौधरी |
| रामेश्वर उपाध्याय | डा.रामेश्वर प्रसाद सिंह |
| डा. रेश बहादुर बस्नेत | रेहाना पाण्डे |
| ललित वस्नेत | लवचन्द्र श्रेष्ठ |
| डा. लक्ष्मण मोहन ध्वज जोशी | लक्ष्मण बहादुर के.सी |
| बद्री लक्ष्मी वैद्य | वसन्त कुमार गौतम |
| डा. वसन्त कुमार थापा | वसन्तकुमार विश्वकर्मा |
| वसन्तलाल श्रेष्ठ | विद्यामान शाक्य |
| डा. विदुर प्रसाद उपाध्याय | विदुर पौडेल |
| डा. विमल नारायण प्रसाद गुप्ता | विनोद कुमार श्रीवास्तव |
| डा. विमल प्रसाद कार्की | विष्णुराज पाण्डेय |
| डा. वीरेन्द्र प्रसाद मिश्र | वीरेन्द्र शर्मा |

वोधराज काफ्ले
शिवचन्द्र मिश्र
शिव प्रसाद मुनकर्मी
डा. शीतलराज बस्नेत
डा. शेषकान्त अर्याल
शंकरमान श्रेष्ठ
श्याम प्रसाद दाहाल
सत्यनारायण श्रेष्ठ
डा. सन्तोषराज पौडेल
डा. सहदेव साह
साम्बराज आचार्य
सिद्धि बहादुर शाक्य
डा. सीताराम प्रसाद व्याहुत
डा.सुरेन्द्र कुमार गौतम
डा. सुरेश बहादुर कार्की
सुवोधनारायण झा
सोमनाथ घिमिरे
डा. हरि प्रसाद थपलिया
हिरण्यलाल कर्माचार्य

शान्ति देवी शर्मा
डा. शिव प्रसाद धौभडेल
डा. शिवराम वैद्य
डा. शेखर गुरुङ
डा. शौभाग्यजङ्ग कार्की
डा. श्यामकिशोर प्रसाद सिंह
डा.श्रीराम प्रसाद उपाध्याय
सन्तोषमान मास्के
सरोज कुमार देवकोटा
डा. सानु देवी जोशी
डा. सिद्धि प्रसाद कोइराला
सीताराम अधिकारी
सुदर्शन रिसाल
डा. सुरेन्द्रराज काफ्ले
सुरेशराज चालिसे
डा. सूर्यलाल अमात्य
डा. हरिदत्त लेखक
डा. हरि प्रसाद पराजुली
डा. त्रिरत्न मानन्धर



## समवेदना

उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण र स्मरणीय योगदान पुऱ्याउनु हुने प्राध्यापकहरुको असामयिक एवम् दुःखद निधनको समाचारले नेपाल ज्येष्ठ प्राध्यापक समाजका सबै सदस्यहरुलाई समेत स्तब्ध, दुःखित एवम् शोकमग्न तुल्याउने गरेको छ । नेपाल ज्येष्ठ प्राध्यापक समाज, केन्द्रीय कार्यसमितिको विभिन्न मितिमा बसेको वैठकले देहायका प्राध्यापकहरु एवम् प्राध्यापकका परिवार (पत्नि वा पति)को असामयिक एवम् दुःखद निधनप्रति शोक-प्रस्ताव पारित गर्दै निजहरुको आत्माको चिर शान्तिको कामना गर्नुका साथै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको छ ।

१. श्रीमति वीणा पाण्डेय (प्रा. विष्णुराज पाण्डेयकी पत्नि)
२. प्रा.डा. शौभाग्य जङ्ग कार्की
३. प्रा.डा. दिव्यदेव भट्ट
४. प्रा.डा. चैतन्य बहादुर श्रेष्ठ
५. प्रा.डा. अञ्जीरमान प्रधान
६. प्रा.डा. नरेन्द्र बहादुर महर्जन
७. प्रा. सुदर्शन रिसाल
८. प्रा. डा. शीतलराज बस्नेत
९. प्रा. ध्रुवदेव राई
१०. प्रा. तारकराज ओझा
११. प्रा.डा. हरिभक्त न्यौपाने
१२. प्रा.डा. शंकर प्रसाद प्रधान